निर्वाचन सुनश्चित भइसकेको छ, अब शङ्का नगर्नुस् - मन्त्री खरेल | पृष्ठ ५ मा



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २७ | •अंक २०१ | • २०८२ साल पुस ५ गते शनिबार (20 December, Saturday, 2025) | •पृष्ठ ८ | •मूल्य रु. ५।-

## जेसीज महाधिवेशन शुरु

**टुडे समाचारदाता**

जनकपुरधाम ।
नेपाल जेसिजको ५२ औं राष्ट्रिय महाधिवेशन जनकपुरधाममा शुरू भएको छ ।

जनकपुरधामस्थित तिरहुतीया गाछीमा शुरु भएको जेसीजको महाधिवेशनमा देशभरबाट आएका १ सय ७४ शाखाका करिब ५ हजार युवाहरूको सहभागिता रहेको जनाइएको छ ।

१८ वर्षदेखि ४० वर्ष उमेर समूहका युवाहरूको सक्रिय उपस्थितिसहितमा शुरू भएको जेसीज महाधिवेशनलाई 'युवाहरूको महाकुम्भ'का रूपमा लिइएको छ ।

महाधिवेशनमा नेतृत्व विकास, उद्यमशीलता प्रवर्द्धन, नवप्रवर्तन, सामाजिक उत्तरदायित्व तथा दिगो विकासका विषयमा बहस, संवाद र अनुभव आदान प्रदान गरिने आयोजकले जनाएको छ ।

कार्यक्रमअन्तर्गत नेपालका सफल युवा उद्यमीहरू, वन डढेलोसम्बन्धी विज्ञ तथा विभिन्न क्षेत्रका विज्ञहरूले आफ्ना अनुभव र सुझाव प्रस्तुत गर्नेछन् । यसले युवालाई व्यावसायिक क्षमता अभिवृद्धि, रोजगारी सिर्जना र समाजप्रति उत्तरदायी नेतृत्व विकासतर्फ प्रेरित गर्ने विश्वास छ ।

उद्घाटन सत्रमा वक्ताहरूले युवाशक्तिलाई राष्ट्र निर्माणको प्रमुख आधारका रूपमा विकास गर्न उद्यमशीलता, सीप र नैतिक नेतृत्व अपरिहार्य रहेकोमा जोड दिएका छन् ।

जेसीज महाधिवेशनले स्थानीय संस्कृति, पर्यटन र अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरिएको छ ।

### सर्वसम्मत मुख्यमन्त्री यादव

# मधेशमा मुख्य तीन पद गुमाएका एमालेको पनि कांग्रेसलाई समर्थन

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेश सभाबाट विश्वासको मत प्राप्त गरेका छन् । मधेश प्रदेशसभाले शुक्रबार दिउँसो चारबजेको लागि बोलाइएको बैठक करिब डेढ घण्टा पछि बसेको थियो । उक्त बैठकबाट सर्वसम्मत रुपमा मुख्यमन्त्री यादवलाई विश्वासको मत प्राप्त गरेका छन् ।

कांग्रेस संसदीय दलका नेतासमेत रहेका मुख्यमन्त्री यादव नेकपा एमालेबाहेकको सात दलीय गठबन्धनका ७७ सांसदको समर्थनमा गएको मंसिर १९ गते मुख्यमन्त्री नियुक्त भएका थिए ।

शुक्रबार उनलाई गठबन्धनमा सहभागी नभएको एमालेले पनि विश्वासको मत दिएका छन् । मुख्यमन्त्री यादवलाई शुक्रबार बसेको बैठकमा एमालेले पनि मुख्यमन्त्री कृष्ण प्रसाद यादवलाई विश्वासको मत दिएको थिए ।

कांग्रेस नेता यादव एमालेबाट मुख्यमन्त्री नियुक्त भएका सरोज कुमार यादवको सरकार ढालेर मधेश प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भएका छन् ।

गत कार्तिक २४ गते ठूलो दलको हैसियतमा रातारात मधेशको मुख्यमन्त्री नियुक्त भएका सरोज कुमार यादवको पद २४ दिनमै एमालेले मधेश प्रदेशमा प्रतिपक्षको कित्तामा पुग्यो । उक्त प्रकरणमा एमालेले मधेशको मुख्यमन्त्रीसँगै प्रदेश प्रमुख र सभामुख गुमाउनु परेको थियो । मधेशमा सबै दलले कांग्रेसलाई समर्थन गर्दै एमालेको साथ



छाडेपछि कांग्रेसका संसदीय दलका नेतासमेत रहेका कृष्णप्रसाद यादवको नेतृत्वको प्रदेश सरकार गठन भएको छ ।

मुख्यमन्त्री सरोज कुमार यादवसंगै प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी र सभामुख रामचन्द्र मण्डलले पनि पद गुमाउनु परेको थियो ।

तत्कालीन प्रदेश प्रमुख भण्डारीले मध्यरातमा महोत्तरीस्थित बर्दिवासको एक जंगलमा सरोज कुमार यादवलाई विवादास्पद ढंगले नियुक्त गरेपछि पूर्वप्रदेश प्रमुख भण्डारीलाई सरकारले कार्तिक २४ गते नै पदमुक्त गरेर मधेशमा सुरेन्द्र लाभ कर्णलाई प्रदेश प्रमुख बनाएको छ ।

उक्त प्रकरणमा एमालेलाई सहज हुने गरी प्रदेश सभा बैठक सञ्चालनको आरोप लागेका सभामुख रामचन्द्र मण्डल पनि मंसिर ३ गते विपक्षी दलले लगाएको महाअभियोगबाट पदमुक्त हुनु परेको थियो ।

तर शुक्रबार प्रदेशसभाको बैठकमा एमालेले पनि कांग्रेसका कृष्ण प्रसाद यादवलाई विश्वासको मत दिएका छन् ।

शुक्रबार बसेको प्रदेश सभाबाट बैठकमा १०४ जनामध्ये उपस्थित रहेका मध्ये ९२ जना सांसदको समर्थन प्राप्त गरेका छन् ।

यादवलाई कांग्रेस, जसपा नेपाल, जनतमत पार्टी, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, लोसपा नेपाल र नागरिक उन्मुक्ति पार्टीको समर्थन रहेको छ ।

मुख्यमन्त्री कृष्ण प्रसाद यादवको समर्थनमा सात दलीय गठबन्धनमा रहेका प्रदेश सभामा कांग्रेसका २२ जना, जसपा नेपालका १९ जना, जनमत पार्टीका १३ जना, माओवादी केन्द्रका ९जना र लोसपा नेपालका ८ जना, नेकपा एकीकृत समाजवादीका ७ जना, नागरिक उन्मुक्ति पार्टीको १ सहित गरी ७८ जना सांसद छन् । प्रतिपक्षी दलका रुपमा रहेका नेकपा एमालेका २४ जना, राप्रपा र संघीय समाजवादी पार्टीका १/१ जना प्रदेश सांसद छन् ।

यता एमालेले मुख्यमन्त्रीमा यादवलाई समर्थन गरेपछि राष्ट्रिय सभा निर्वाचनमा एमालेलाई कांग्रेसले समर्थन गर्नेमा बढी सम्भावना रहेको भन्दै कांग्रेस-एमाले इतरका दलमा संशय उत्पन्न भएको छ ।

## सभामुख चयन प्रक्रिया आरम्भ

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सभाको रिक्त रहेको सभामुख पदका लागि पुस ६ गते आइतबार निर्वाचन हुने भएको छ ।

प्रदेश सभा कार्य सञ्चालन नियमावली २०७५ अनुसार उपसभामुखले सभामुख निर्वाचनको मिति र समय निर्धारण गरेपछि निर्वाचन कार्यक्रम सार्वजनिक गरिएको छ ।

कार्यक्रम अनुसार सभामुख पदमा उम्मेदवारी दिन चाहने प्रदेश सभा सदस्यहरूले पुस ५ गते बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म प्रदेश सभा सचिवालयमा प्रस्ताव र समर्थनसहित उम्मेदवारी दर्ता गराउनु पर्ने समयतालिका सार्वजनिक गरिएको छ । सोही दिन दिउँसो साढे ३ बजे दर्ता क्रमानुसार प्रकाशन गरिने प्रदेश सभा सचिवालयले जनाएको छ । प्रदेश सभाका सचिव बासु प्रसाद कोइरालाका अनुसार प्रस्तावित उम्मेदवारले आफ्नो एक प्रति फोटो र नेपाली नागरिकताको प्रतिलिपि अनिवार्य रूपमा संलग्न गर्नुपर्ने व्यवस्था गरिएको छ ।

सभामुख पद केही सातादेखि रिक्त रहँदै आएको अवस्थामा निर्वाचन कार्यक्रम सार्वजनिक भएसंगै मधेश प्रदेश सभामा नयाँ नेतृत्व चयनको बाटो खुलेको छ ।

यता सात दलीय गठबन्धनमा मुख्यमन्त्री कांग्रेसले पाएपछि सभामुख जसपा नेपालले पाएको छ । जसपा नेपालले निर्णय गरेपछि सोही अनुसार सात दलीय गठबन्धनको समर्थन रहने छ । त्यस्तै एमालेले पनि सभामुख पदमा उम्मेदवारी दिने बढी सम्भावना रहेका स्रोतले दाबी गरेको छ । तर कसलाई उठाउने भन्नेमा अहिले बैठक बस्न नसकेको बताइएको छ ।

# मधेशमा भारतको ८६ वटा विकास परियोजना

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा भारत सरकारले हालसम्म ८६ वटा महत्वपूर्ण विकास परियोजना स्वीकृत गरेको छ । विकास परियोजना स्वीकृत भए अनुसार करिब एक हजार पाँच सय एम्बुलेन्स र स्कूल बस सहयोगस्वरूप उपलब्ध गराइने भारतीय महावाणिज्य दूतावासले जनाएको छ ।

वीरगञ्जस्थित भारतीय महावाणिज्यदूत देवी सहाय 'मिना'ले महावाणिज्यदूत मिनाले जनाए अनुसार भारत- नेपाल विकास साझेदारी अन्तर्गत मधेश प्रदेशमा ८६ वटा उच्च प्रभाव सामुदायिक विकास परियोजना (एचआईसीडीपी) स्वीकृत गरिएको जानकारी गराए । सो मध्ये ६१ वटा परियोजना सम्पन्न भइसकेका छन् भने २५ परियोजना हाल कार्यान्वयनको चरणमा रहेका छन् ।

उनका अनुसार मधेश प्रदेशमा स्वीकृत परियोजनामध्ये ५२ वटा शिक्षा क्षेत्रमा, ६



वटा स्वास्थ्य क्षेत्रमा, ८ वटा सडक तथा पुल निर्माणमा, १ वटा नदी तटबन्ध व्यवस्थापनमा, २ वटा सिँचाइमा, ३ वटा संस्कृति संरक्षण तथा प्रवर्द्धनमा, ५ वटा विद्युतीकरणमा तथा ९ वटा अन्य मिश्रित क्षेत्रसंग सम्बन्धित रहेका छन् ।

धनुषामा मात्रै २१ वटा परियोजना स्वीकृतमध्ये १३ सम्पन्न भइसकेको छ भने ८ वटा परियोजनामा निर्माण कार्य जारी रहेको छ ।

परियोजनाबाहेक भारत सरकारले अहिलेसम्म नेपाललाई एक हजार ४९ वटा एम्बुलेन्स र ३ सय ८१ वटा स्कूल बस सहयोगस्वरूप उपलब्ध गराइसकेको पनि उनले उल्लेख गरे ।

महावाणिज्यदूत मिनाका अनुसार एम्बुलेन्स र स्कूल बसहरू स्वास्थ्य तथा शिक्षामा पहिलो प्रतिक्रिया सेवा र आधारभूत पूर्वाधारका रूपमा महत्वपूर्ण रहेको छ । जसले दुरदराजका समुदायसम्म स्वास्थ्य सेवा र शिक्षामा पहुँच विस्तार गर्न सहयोग गर्दै आएको छ ।

उनले उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू भारत-नेपाल विकास साझेदारीको महत्वपूर्ण आधार रहेको उल्लेख गर्दै विद्यालय, कलेज, अस्पताल, जल निकास, नदी तटबन्ध व्यवस्थापनजस्ता नेपाल सरकारका प्राथमिकता क्षेत्रमा भुइँ तहबाटै पूर्वाधार विकास गरी जनताको जीवनस्तर उकास्ने उद्देश्यका साथ यी परियोजनाहरू कार्यान्वयन हुँदै आएको बताइएको छ ।






## नेपालका लागि डेनमार्कको महावाणिज्यदूतमा धेरेल

काठमाण्डु । नेपालका लागि डेनमार्कका महावाणिज्यदूतमा हरि धेरेललाई नियुक्त गरिएको छ । सन् २०१७ देखि नेपालका लागि डेनमार्कका वाणिज्यदूत रहनुभएका धेरेललाई डेनमार्क सरकारको प्रस्तावमा परराष्ट्र मन्त्रालयले हालै महावाणिज्यदूतमा पदोन्नति गरेको हो ।

नेपालको अनररी कन्सलसम्बन्धी नियमावली २०३९(४)' बमोजिम धेरेललाई डेनमार्क अधिराज्यको कन्सल जनरल पदमा नियुक्त गरिएको हो । नेपालको पर्वतीय पर्यटन क्षेत्रमा विगत ३५ वर्षदेखि व्यावसायिक रुपमा कार्य गरिरहनुभएका धेरेलले विगत आठ वर्षदेखि कूटनीतिक क्षेत्रमा पनि सक्रिय रही नेपाल-डेनमार्क सम्बन्धलाई जनस्तरसम्म विस्तार गर्न विभिन्न काम गर्दै आउनुभएको छ ।

दुई देशबीच लामो घनिष्टसम्बन्ध रहिआएको र आगामी दिनमा पनि यसलाई अझ जनस्तरमा विस्तार गरी लैजान आफू क्रियाशील रहने महावाणिज्यदूत धेरेलले बताउनुभयो ।रासस

# तमलोपाले निर्वाचन तयारी तीव्र बनाए



**टुडे समाचारदाता**

जनकपुरधाम । तराई-मधेश लोकतान्त्रिकपार्टीको केन्द्रीयकार्य समितिले आगामी प्रतिनिधिसभा निर्वाचनको तयारीलाई तीव्र रुपमा अघि बढाउने निर्णय गरेको छ ।

शुक्रवार बसेको बैठकले पुष १० गतेभित्र प्रत्येक जिल्लाबाट प्रत्यक्ष (प्रतिनिधिसभा) तथा समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत भाग लिने सम्भावित उम्मेदवारहरूको नामावली केन्द्रीय कार्यालयमा पठाउन सबै जिल्ला अध्यक्षहरूलाई परिपत्र गर्ने निर्णय गरेको हो ।

पार्टी केन्द्रीय कार्यालयका अनुसार आगामी निर्वाचनलाई लक्षित गरी संगठनात्मक तयारी, उम्मेदवार छनोट प्रक्रिया र निर्वाचन रणनीतिलाई व्यवस्थित बनाउन उक्त निर्णय लिइएको पार्टीका वरिष्ठ नेता डा. विजयकुमार सिंहले जानकारी दिएका छन् ।

बैठकमा सहभागी नेताहरूले समयमै उम्मेदवारको नाम सिफारिस नआए निर्वाचन तयारी प्रभावित हुने भन्दै जिल्लाहरूलाई तोकिएको समयसीमाभित्र नामावली पठाउन निर्देशन समेत दिइएको छ ।

केन्द्रीय कार्य समितिले जिल्लाहरूलाई स्थानीय स्तरमा छलफल र परामर्श गरेर सक्षम, लोकप्रिय र पार्टीको नीतिमा प्रतिबद्ध उम्मेदवार छनोट गर्न आग्रह गरेको छ। साथै, समानुपातिकतर्फ समावेशीता, क्षेत्रीय सन्तुलन र पार्टी योगदानलाई प्राथमिकतामा राख्न पनि निर्देशन दिइएको छ ।

पार्टी नेतृत्वका अनुसार पुष १० पछि प्राप्त हुने नामावलीका आधारमा केन्द्रीय स्तरमा अन्तिम छलफल गरी उम्मेदवार चयन प्रक्रिया अघि बढाइने उनले बताए ।

# निर्वाचन केन्द्रित सुरक्षा चुस्त पार्दै नेपाल प्रहरी



काठमाण्डु । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ लाई स्वतन्त्र, निष्पक्ष, भयरहित र विश्वसनीय वातावरणमा सम्पन्न गराउन प्रहरीले 'एकीकृत सुरक्षा योजना, २०८२' निर्माण गरी सुरक्षा व्यवस्था चुस्त बनाउन थालेको छ ।

आसन्न निर्वाचनलाई मध्यनजर गरी नेपाल प्रहरीले जनशक्ति परिचालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाएको छ । निर्वाचन आयोगबाट प्राप्त निर्णयहरूसमेतलाई आत्मसात् गरी उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्दै निर्वाचन सम्पन्गर्न नेपाल प्रहरी दृढ सङ्कल्पित रहेको र सोहीअनुसार सुरक्षा व्यवस्था मिलाइएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले जानकारी दिनुभयो ।

निर्वाचनलक्षित गस्तीलाई थप प्रभावकारी र पहुँचलाई व्यापक बनाइएको बताउँदै उहाँले हालसम्म लामो दूरीको गस्ती एक हजार १३६ पटक र सानो दूरीको गस्ती तीन लाख ८९ हजार ९६० पटक गरिएको छ । यी गस्तीमा १३ लाख ४६ हजार ३२८ जनशक्ति परिचालित गरिएको जानकारी दिनुभयो ।

निर्वाचनको विषयलाई लिएर हुनसक्ने तोडफोड, आगजनीजस्ता क्रियाकलाप नियन्त्रण गर्न दिनानुदिन प्रहरीले गस्तीलाई अझ प्रभावकारी रूपमा वृद्धि गर्दै आइरहेको छ । काफ्ले भन्नुहुन्छ, "निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गराउन प्रहरीले नियमित गस्तीका साथसाथै सूचना सङ्कलन, खतरा मूल्याङ्कनसहितको विश्लेषण तथा प्रवाहलाई प्रभावकारी बनाउने कार्य गरिरहेको छ। सीमाक्षेत्रमा हुने घुसपैठ र आपराधिक क्रियाकलाप नियन्त्रण गर्नका लागि नियमित अनुगमन तथा प्रभावकारी रूपमा प्रहरी परिचालित छन् ।"

उम्मेदवार, मतदाता, राजनीतिक दलका नेता, महत्त्वपूर्ण व्यक्ति, निर्वाचन पर्यवेक्षक, सञ्चारकर्मी, चुनाव प्रचारप्रसार र विजय जुलुसको सुरक्षा व्यवस्थापनलाई मजबुत बनाउन आवश्यक सुरक्षा रणनीति अवलम्बन गरिएको उहाँले बताउनुभयो ।महत्त्वपूर्ण तथा संवेदनशील प्रतिष्ठान र संरचनामा विशेष सुरक्षा व्यवस्था मिलाउन, निर्वाचन विरोधी समूहहरूको गतिविधिको निगरानी, नियन्त्रण र कारबाही गर्न अवैध तथा जबर्जस्ती चन्दा सङ्कलन र धम्की नियन्त्रण गर्ने, अराजक, उच्छृंखल, आपराधिक क्रियाकलाप एवं गुण्डागर्दी नियन्त्रण गर्न प्रहरी क्रियाशील रहेको जनाइएको छ ।

आन्दोलनका क्रममा लुटिएका तथा हराएका हातहतियाबाट हुनसक्ने सम्भावित खतरालाई निस्तेज गर्न लुटिएका हातहतियारको पहिचान र बरामद गर्न नेपाल प्रहरीले विशेष टोली निर्माण गरी परिचालन गरेको छ। आन्दोलनका क्रममा लुटिएका तथा हराएका हातहतियार बरामद एवं फरार कैदीबन्दी तथा थुनुवाहरूको पक्राउमा प्रहरी क्रियाशील रहेको जनाइएको छ ।

प्रहरीले प्रतिनिधिसभा सदस्य निर्वाचनको एकीकृत सुरक्षा योजना, २०८२ तालुक गृह मन्त्रालयबाट स्वीकृत भइसकेको सन्दर्भमा निर्वाचनलाई सुरक्षित रूपमा सम्पन्न गराउन आवश्यक तयारीका निमित्त नेपाल प्रहरी प्रधान कार्यालय कार्यविभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक उमाप्रसाद चतुर्वेदीको अध्यक्षतामा केन्द्रीय निर्वाचन सेल गठन गरेको छ ।रासस

## एमालेमा कार्यविभाजनको जिम्मेवारी सचिवालयलाई

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) नवनिर्वाचित केन्द्रीय कमिटीको पहिलो बैठकले केन्द्रीय सदस्यहरूको कार्यविभाजनको जिम्मेवारी पार्टीको सचिवालयलाई दिएको छ। सचिवालयमा १९ पदाधिकारी र केन्द्रीय आयोगका अध्यक्ष रहनेछन् ।

पार्टीको ११औँ राष्ट्रिय महाधिवेशनबाट निर्वाचित कमिटीको शुक्रबारको बैठकले कार्यविभाजनका लागि सचिवालयलाई जिम्मेवारी दिएको पार्टीका उपमहासचिव लेखराज भट्टले जानकारी दिनुभयो। बैठकले केन्द्रीय सदस्यको मनोनयन, पोलिटब्यूरो, स्थायी कमिटी गठन, कार्ययोजनालगायत छलफल गर्न यही पुस २६ देखि २८ गतेसम्म केन्द्रीय कमिटीको दोस्रो बैठक तोकेको छ ।

अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा भएको बैठकले पार्टीको गत भदौमा भएको दोस्रो विधान महाधिवेशनबाट पारित नीति र कार्यक्रमलाई कार्यान्वयन गर्दै टोलटोलसम्म पार्टी पुग्नुपर्नेमा जोड दिएको छ। उपमहासचिव भट्टले ११औँ महाधिवेशनबाट संशोधित विधानलाई आवश्यक सम्पादनसहित एक हप्ताभित्र प्रकाशन गर्ने, केन्द्रीय पदाधिकारीमा नरहेका र सदस्यमा पराजितलगायतलाई केन्द्रीय सल्लाहकार परिषद्मा समेट्ने निर्णय पनि भएको जानकारी दिनुभयो ।

बैठकले महाधिवेशन सम्पन्न गर्न योगदान गर्ने आयोजक समिति र सम्बन्धित सबैलाई आभार व्यक्त गरेको छभने केन्द्रीय नेतृत्वमा उम्मेदवारी नदिई बिदाइ भएकाहरूलाई उहाँहरूको योगदानको सम्मान गरेको छ ।

भक्तपुरको सल्लाघारीमा गत मङ्सिर २७ गते उद्घाटन भई काठमाडौँको भृकुटीमण्डपमा मङ्सिर २८ गतेदेखि सुरु भएको छ। रासस

# सुनचाँदी चोरी घटनामा चारजना पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । घरबाट सुनचाँदी चोरी घटनामा संलग्न आशंकामा इलाका प्रहरी कार्यालय लालबन्दीको प्रहरी टोलीले चारजनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका अुनसार, पक्राउ पर्नेमा लालबन्दी बजारका आरके ज्वेलर्सका सञ्चालक रमेश विक, साइरा ज्वेलर्सका सञ्चालक तथा लालबन्दी नगरपालिका-६ का कुमार विश्वकर्मा, धनकौल गाउँपालिका-६ की ३५ वर्षीया पिंकी देवी साह र परिवर्तित नाम '२२ लालबन्दी ०८२/०८३ (सी)' रहेका हुन् ।

प्रहरी अनुसन्धानबाट गत मंसिर २३ गते लालबन्दी नगरपालिका-९ बस्तीपुरका प्रमोद कुमार लुईटेलको घरबाट चोरी भएको सुनको तिलहरी सहित अन्य गरगहना पिंकी देवी साह लगायतबाट आरके ज्वेलर्सका रमेश विक र साइरा ज्वेलर्सका कुमार विश्वकर्माले जम्मा १ लाख ४४ हजार रुपैयाँमा खरिद गरेको खुलेको सर्लाही प्रहरीका प्रवक्ता डिएसपी सरोज राइले बताए ।

"चोरीको सामानहरु सस्तोमा किन्ने लोभमा ज्वेलर्सहरू नै संलग्न भएको पाइयो," उनले भने । अनुसन्धानको क्रममा परिवर्तित नाम भएका व्यक्तिको कोठामा रहेका दराजको लकरबाट चोरीको तिलहरी सहित अन्य गरगहना र नगद रकम समेत बरामद भएको डिएसपी राईले जानकारी दिए ।

बरामद गरगहनाहरू पीडित प्रमोद कुमार लुईटेलले सनाखत गरेका छन् र उनले जाहेरीसमेत दर्ता गराइसकेको उनले भने । चारैजनालाई चोरीसम्बन्धी मुद्दामा सर्लाही जिल्ला अदालतबाट ५ दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको उनले जनाएको छ ।

# देशभर स्थानीय उत्पादनको प्रयोगलाई बढावा दिऔँः मन्त्री घिसिङ




पाटन । भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले देशभर स्थानीय उत्पादनको प्रयोगलाई बढावा दिनुपर्ने बताउनुभएको छ ।

'भविष्यका लागि बाँसको आवास' भन्ने नाराका साथ 'ह्याविट्याट फर ह्युम्यानिटी' नेपालले शुक्रबार यहाँ आयोजना गरेको ' बाँस संरचना डिजाइन मार्गदर्शन २०८२' विमोचन कार्यक्रममा उहाँले स्थानीय उत्पादन उपयोगमा प्रोत्साहन गर्न आफूले योजना बनाइरहेको बताउनुभयो ।

मन्त्री घिसिङले भन्नुभयो, "स्थानीय उत्पादन र प्रविधिको प्रयोगले रोजगारीको सिर्जना गर्नेछ। बाँसको व्यावसायिक खेतीले आन्तरिक मागलाई बढावा दिनुका साथै संरचना निर्माणका लागि खर्च हुने अन्तरराष्ट्रिय मुद्रा सञ्चितिमा समेत योगदान पुग्ने देखिन्छ । त्यसैले संरचना निर्माणका लागि स्थानीय प्रविधिको प्रयोग गरौँ, आफ्नो मौलिकता संरक्षणमा जोड दिऔँ ।" सहरी विकासमन्त्री समेत रहनुभएका घिसिङले आफ्नै देशको काठ तथा काठजन्य वस्तु प्रयोग नगर्दा त्यसले अर्थतन्त्रमा पनि नकारात्मक प्रभाव परेको भन्दे अब प्रधावकारी, प्रविधिमैत्री एवम् भूकम्प प्रतिरोधी संरचना निर्माणमा बाँसलगायतको प्रयोगमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो । "हामीले हाम्रो ठाउँको काठलाई उपयोग गर्न नसक्दा अर्थतन्त्रमा नकारात्मक प्रभाव पारेको छ । काठ आयातमा हामीले धेरै रकम खर्च गरिरहेका छौँ, बाँसका संरचनालाई प्रयोगमा ल्याउने वातावरण बनाऔँ, यसले अर्थतन्त्रमा ठूलो परिवर्तन ल्याउनेछ", मन्त्री घिसिङले भन्नुभयो ।

सहरी विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले स्थानीय उत्पादनको प्रयोगमा जोड दिन मन्त्रालय तयार रहेको बताउनुभयो ।

सहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक रवीन्द्र बोहराले स्थानीय सन्दर्भ अनुकूल, जलावायुमैत्री प्रविधि, भूकम्प प्रतिरोधात्मक संरचना निर्माणका लागि आवश्यक नीतिगत व्यवस्था, मापदण्ड, निर्देशिका र कार्यविधि तयार गरी लागू गर्न विभाग प्रतिबद्ध रहेको बताउनुभयो ।रासस

# गौर बजार ठप्प

**टुडे समाचारदाता**

गौर । करदाता सेवा कार्यालय खारेज गर्ने सरकारी निर्णयको विरोधमा रौतहटका व्यापारी तथा व्यवसायीहरू शुक्रवार दोस्रो दिन पनि आन्दोलन जारी रहेको छ ।

रौतहट उद्योग वाणिज्य संघका अध्यक्ष रवीन्द्रनाथ गोपालीको नेतृत्वमा गौर बजार पूर्ण रूपमा बन्द गराउँदै सयौं व्यापारीले विरोध प्रदर्शन गरेका हुन् । प्रदर्शनका कारण स्थानीय व्यापारिक गतिविधि र सर्वसाधारणको दैनिक जीवन प्रभावित बनेको छ ।

प्रदर्शनकारीहरूले 'अर्थमन्त्री मुर्दावाद', 'व्यापारी एकता जिन्दावाद', 'आन्तरिक राजस्व कार्यालय स्थापना गर' र 'करदाता सेवा कार्यालय खारेज गर्ने निर्णय अविलम्ब फिर्ता गर' जस्ता नाराहरू लगाउँदै सडकमा प्रदर्शन गरेका थिए ।

रौतहट उद्योग वाणिज्य संघका अनुसार करदाता सेवा कार्यालय खारेज भएमा स्थानीय व्यापारीहरूलाई करसम्बन्धी सेवा लिन टाढा जानु पर्ने अवस्था सिर्जना हुने र यसले व्यवसायमा प्रत्यक्ष असर पर्ने भएकाले आन्दोलनमा उत्रिनुपरेको हो । अध्यक्ष गोपालीले शान्तिपूर्ण रूपमा आन्दोलन भइरहेको उल्लेख गर्दै सरकारबाट माग सुनुवाइ नभए आन्दोलन थप कडा बनाइने चेतावनी दिए ।

प्रशासनले सुरक्षा व्यवस्था कडा पारे पनि प्रदर्शन शान्तिपूर्ण रहेको जनाइएको छ । संघले करदाता सेवा कार्यालय खारेज गर्ने निर्णय तत्काल फिर्ता लिन र रौतहटमा आन्तरिक राजस्व कार्यालय स्थापना गर्न सरकारसँग माग गरेको छ ।




# ऊर्जामन्त्री घिसिङद्धारा निर्माणाधीन भरतपुर सभागृहको निरीक्षण

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले चितवनमा निर्माणाधीन भरतपुर सभागृहको शुक्रबार निरीक्षण गर्नुभएको छ ।

मन्त्री घिसिङको निजी सचिवालयका अनुसार २०७७ साल मङ्सिरमा सम्झौता भई २०७९ फागुनमा सम्पन्न गर्नेगरी निर्माण सुरु गरिएको सभागृह निर्माणकार्य सुस्त भएको पाइएपछि निर्माणाधीन सभागृहको निरीक्षण गर्नुभएको हो । हालसम्म ६० प्रतिशत निर्माण सम्पन्न भएको उक्त सभागृहको रुफ (छाना)को डिजाइनमा समस्या आएका कारण निर्माणकार्य करिब डेढ वर्ष अवरुद्ध भएको थियो । हाल छानाको संशोधित डिजाइन स्वीकृत भइसकेपछि निर्माणकार्य सुरु भएको छ । निर्माणकार्यको समयावधि संसोधन गरी २०८३ असार ११ सम्म थप गरिएको छ ।

निर्माण सम्झौता रु ८७ करोड ८८ लाख रहेको सभागृहमा दुई हजार जना क्षमताको मुख्यहल र तीन सय जना क्षमताको सहायक हलसहित सातवटा ब्लक



रहनेछन् । मन्त्री घिसिङले मुख्य रूपमा रुफ संरचनाको डिजाइनमा भएको त्रुटिका कारण ढिला भएको पाइएको बताउनुभयो । उहाँले सभागृहको छाना संरचनाको निर्माणसँगसँगै अन्य संरचना निर्माणको कार्य पनि छिटो गर्न निर्देशन दिनुभएको छ ।रासस

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८२/०६/०२ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : सुबोध मण्डल**
**सिम्बोल नं.: २३८०४९**
**रजिष्ट्रेशन नं.: ६३१७०९१७३**
**ठेगानाः जनकपुरधाम उ.म.न.पा.-२०, देवपुरा रुपैठा, धनुषा**
**मो.नं. ९८०३२९९१३६**

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | समयले निकै साथ दिएको देखिन्छ। |
| वृष : | सात्विक विचारको उदय हुनुका साथै मन धर्म र कर्म तिर रमाउने छ। |
| मिथुन : | संकटमोचन हनुमानजीको आराधना गर्नाले दिन शुभ रहनेछ। |
| कर्कट : | समय र भाग्यको खेल निकै बलवान भएको देखिन्छ। |
| सिंह : | आँटेताकेका कार्यहरु सफल हुने छन्। |
| कन्या : | साधु सज्जन महापुरुषहरुको सत्संगत गर्ने अवसर मिल्नेछ। |
| तुला : | भगवान गौरीशंकरको आराधनाले दिन शुभ रहनेछ। |
| वृश्चिक : | आफूले आँटे तेकका कार्यहरु सफल हुने योग बनेको देखिन्छ। |
| धनु : | आफूले गरेका कामहरुमा सफलता प्राप्त हुने योग बनेको देखिन्छ। |
| मकर : | घरमा लक्ष्मीजीको कृपा हुने योग बनेको देखिन्छ। |
| कुम्भ: | विध्नहर्ता गणेशजीको आराधना गर्नु भयो भने दिन शुभ हुने देखिन्छ। |
| मीन : | आर्थिक रुपमा गुणस्तरीय वृद्धि हुने योग बनेको छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी

**9812005378**

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३० बजे
दिउँसो :- ११:४६ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



अचानक बढेको शितलहरीले मधेश प्रदेशमा जाडो बढाएको छ,जाडोबाट बच्न जनकपुरधामका नगरवासीहरु आगो ताप्दै । *तस्विर : संजय कुमार यादव*

# मिर्चैया अस्पतालको पुरानो भवनबाट नगरपालिकाको सेवा सुरु

सिरहा । यहाँको मिर्चैया नगरपालिकाले मिर्चैयास्थित अस्पतालको पुरानो भवनबाट औपचारिक रूपमा सेवा सुरु गरेको छ । नगरपालिकाले बिहीबारदेखि उक्त भवनलाई अस्थायी कार्यालयका रूपमा प्रयोगमा ल्याउँदै प्रशासनिक तथा सेवामूलक कार्य सञ्चालन थालेको हो ।

जेनजी आन्दोलनका क्रममा मिर्चैया बजारमा अवस्थित नगरपालिकाको कार्यालय भवन पूर्ण रूपमा जलेर ध्वस्त भएपछि नगरपालिकाको नियमित सेवा प्रवाहमा चुनौती उत्पन्न भएको थियो ।

नगर प्रमुख श्रवणकुमार यादवका अनुसार नगरपालिकाको कार्यालय भवन कामै नलाग्ने गरी क्षतिग्रस्त भएपछि तत्काल वैकल्पिक व्यवस्था गरिएको हो । "नगरपालिकाको कार्यालय जलाइएपछि हामी केही समय अन्योलमा पर्‍यौँ, तर



दुःखद र विषम परिस्थितिबीच पनि सम्भावनाको खोजी गर्‍यौँ । त्यसै क्रममा अस्पतालको यो पुरानो भवन उपयोगी देखियो । पुरानो नगर कार्यालयभन्दा यो भवन झन् फराकिलो र व्यवस्थित छ ।"

अस्पताल नयाँ भवनमा स्थानान्तरण भएपछि उक्त भवन प्रयोगविहीन अवस्थामा थियो । नगरपालिकाले भवनको सरसफाइ र सामान्य मर्मत सम्भार तथा रंगरोगन गरी कार्यालय सञ्चालन गरेको हो । नगर प्रमुख यादवले हाल नगरपालिकाको नियमित कामकाजमा कुनै अवरोध नआओस् भन्ने उद्देश्यले एउटै कोठाबाट दुईवटासम्म शाखा तथा फाँट सञ्चालन गरिएको जानकारी दिनुभयो । एकतले भवनमाथि ट्रस हालेर थप कोठा निर्माण गर्दै कार्यालय विस्तार गर्ने योजना रहेको उहाँले बताउनुभयो ।रासस

# औरहीका किसानलाई अनुदानमा गहुँको बीउ



सिरहा । औरही गाउँपालिकाले किसानलाई ५० प्रतिशत अनुदानमा उन्नत जातको गहुँको बीउ वितरण गरेको छ । उपयुक्त समयमै गहुँको भरपर्दो बीउ पाएपछि यहाँका किसान उत्साहित भएका छन् ।

मधेस प्रदेशमा सामान्यतया मध्य पुसभित्र गहुँ बाली लगाइसक्नुपर्ने भएकाले समयमै बीउ नपाउँदा किसान हरेक वर्ष समस्यामा पर्ने गरेका छन् । यस्तो अवस्थामा गाउँपालिकाको कृषि शाखामार्फत यहाँको माटो र हावापानीमा पर्याप्त उत्पादन दिने 'गौतम' र 'विजय' जातको गहुँको बीउ ५० प्रतिशत सहुलियत दरमा उपलब्ध गराएपछि किसानलाई राहत पुगेको छ ।

औरही-१ का जयकिशोर यादवले बीउ पाएपछि खेत जोत्न र अन्य तयारी गर्न सहज भएको बताउनुभयो । गाउँपालिकाले कृषि उत्पादन बढाउने र आधुनिक कृषि प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने उद्देश्यले दुई वर्षदेखि मुख्य बाली लगाउने समयमा किसानलाई बीउ, मल तथा कृषि उपकरण सहुलियत दरमा उपलब्ध गराउँदै आएको गाउँपालिकाका अध्यक्ष शिवजी यादवले जानकारी दिनुभयो ।

"हामीले गहुँमात्र होइन, धान, तरकारी र मकै खेतीका लागि पनि बीउ, मलखाद र कृषि उपकरण सहुलियत दरमा उपलब्ध गराउँदै आएको छ, यसले किसानको उत्पादन र आयआर्जनमा सकारात्मक प्रभाव पारेको छ," अध्यक्ष यादवले भन्नुभयो ।

गाउँपालिका कृषि शाखाका अनुसार यस वर्ष कुल एक हजार चार सय ४४ किसानलाई गहुँको बीउ वितरण गर्ने लक्ष्य छ । प्रति किसान २० किलोका दरले वितरण भइरहेको बीउको बजार मूल्य प्रतिकिलो रु ७४ रहेकामा ५० प्रतिशत छुटमा किसानलाई उपलब्ध गराइएको हो । कृषि शाखा प्रमुख राजदेव यादवका अनुसार, वडा वडामा किसानको माग संकलन गरेर हालसम्म करिब एक हजार किसानलाई बीउ उपलब्ध गराइसकिएको छ ।रासस

# बर्दिबासमा सौर्य ऊर्जा जडान गरिँदै

महोत्तरी । बर्दिबास नगरपालिका-६ चौलिखामा २० मेगावाट विद्युत् उत्पादन हुने सौर्य ऊर्जा जडान गर्न सुरु भएको छ । टेरा सोल इनर्जी कम्पनीले नेपाल विद्युत् प्राधिकरणको स्वीकृत परियोजनाअनुसार उक्त आयोजनाको काम सुरु गरेको हो ।

छ महिनाभित्र विद्युत् उत्पादन गर्ने लक्ष्य लिइएको उक्त आयोजनाको लागत रु एक अर्ब २० करोड लाग्ने जनाइएको छ । बर्दिबास-६ र ७ का ८० भन्दा बढी किसानको ४० बिघा जग्गा ३० वर्षको भोगाधिकारसहितको भाडा (लिज) मा लिएर निर्माण कम्पनीले काम थालेको हो ।

छ महिनाभित्र २० मेगावाट विद्युत् उत्पादन गरी नेपाल विद्युत् प्राधिकरण ढल्केबर ग्रिड महाशाखालाई हस्तान्तरण गरिने लक्ष्यका साथ काम थालिएको निर्माण कम्पनीका कार्यकारी निर्देशक पूजा चन्दले बताउनुभयो । आयोजना निर्माणको शुभारम्भ मधेसका मुख्यमन्त्री कृष्णप्रसाद यादवले बिहीबार एक समारोहबीच गर्नुभएको हो ।

निर्माण थालिएको सौर्य ऊर्जा जडानको काम निर्धारित समयमा



सम्पन्न गरेर विद्युत् उत्पादन गर्ने योजना रहेको चन्दले बताउनुभयो । "हामीले काम सुरु गरिसकेकाले छ महिनाभित्र उत्पादन हुने अपेक्षा छ । उत्पादित विद्युत् ढल्केबर ग्रिड महाशाखालाई उपलब्ध गराउने छौँ", उहाँले भन्नुभयो, "यहाँ उत्पादन हुने सौर्य ऊर्जाको विद्युत् महोत्तरी र धनुषाका १० हजारभन्दा बढी परिवारको उपयोगमा आउने छ ।"

काम सुरु भएसँगै चौलिखा वरपरका किसान खुसी भएका छन् । "हाम्रो लागि स्थानीयस्तरमा ठूलो आयोजनाको काम थालिएको छ, हामी खुसी छौँ", बर्दिबास-७ का जगन्नाथ महतोले भन्नुभयो, "सिँचाइ नभएको बाँझो जग्गाको उपयोग हुनुका साथै हामीलाई आर्थिक लाभ पनि भएको छ ।" कम्पनीले प्रतिकट्ठा जग्गाको बर्सेनि रु चार हजार २५० भाडा दिने र प्रत्येक दुई वर्षमा १० प्रतिशत वृद्धि गर्ने सम्झौता भएको उहाँले जानकारी दिनुभयो ।

उक्त सम्झौता कम्पनी र किसानले बर्दिबास-६ वडा समितिको कार्यालयको रोहबरमा गरेका हुन् । आयोजनअन्तर्गत चार वटा ट्रान्सफर्मर, ६८ वटा इन्भर्टर र तीन लाख ३३ हजार सौर्य (सोलर) प्यानल लाग्ने कम्पनीले जनाएको छ । सौर्य ऊर्जा जडानबाट वातावरणमा प्रतिकूल प्रभाव नपर्ने र कम झन्झटिलो हुने विद्युत् क्षेत्रका विज्ञको भनाइ छ ।

"यो हामीकहाँ एकदम कम समयमा सफल हुने आयोजना हो, सौर्य ऊर्जा प्लान्ट जडानमा वातावरणीय प्रतिकूलता नहुने र कम समयमै उत्पादन लिन सकिने हुँदा यो प्रभावकारी हुनेछ", ढल्केबर ग्रिड महाशाखाका प्रमुख श्रीनारायण मण्डलले भन्नुभयो, "यसले निर्धारित समयमा उत्पादन दिएर हामीलाई दिने विद्युत् महोत्तरी र धनुषाका सर्वसाधारणले उपभोग गर्नेछन् ।"


आयोजनाको शिलान्यास गर्दै मुख्यमन्त्री यादवले मुलुकको परिप्रेक्षमा विद्युतीय ऊर्जा समृद्धिको मुख्य आधारमध्ये एक रहेको उल्लेख गर्नुभयो । आयोजना सम्पन्न गर्न प्रदेश सरकारका तर्फबाट आवश्यक सहयोग र समन्वय गरिने उहाँले प्रतिबद्धता जनाउनुभयो ।

"यस्ता आयोजनालाई परिआउने सबै सहयोग प्रदेश सरकारले गर्छ", मुख्यमन्त्री यादवले भन्नुभयो, "हामी यस्ता अन्य आयोजनाको स्वागतका लागि तयार छौँ ।" यो आयोजना निर्माणको थालनीले महोत्तरीको उत्तरी भेगका सयौँ नागरिकले रोजगारीको अवसर पनि पाउने जनाउँदै उहाँले रोजगारीका लागि स्थानीयलाई प्राथमिकता दिन निर्माण कम्पनीसँग अनुरोध गर्नुभयो ।रासस

# लहान नगरपालिकाद्वारा मृतक परिवारलाई सहयोग

सिरहा । लहान नगरपालिका क्षेत्रभित्र गरिब, विपन्न, दलित तथा मुसहर समुदायका सदस्यको मृत्यु भएपछि नगरपालिकाले राहत वितरण गर्दै आएको छ । सोही नीतिअनुसार लहान-५ बलुवाटोलकी ४० वर्षीया डोमनीदेवी मोचीको निधनपछि नगरपालिकाले आज पीडित परिवारलाई राहत सामग्री हस्तान्तरण गरेको छ ।

नगर प्रमुख महेश चौधरी र वडा नं ५ का अध्यक्ष अब्दुल करिमको उपस्थितिमा मृतक डोमनीदेवीको परिवारलाई एक क्विन्टल चामल, तीन किलोका दरले दाल, नुन, तेल तथा एक थान फाइबर सिरक प्रदान गरिएको हो । साथै घर छाउन आवश्यक जस्तापाता पनि उपलब्ध गराइने प्रतिबद्धता नगर प्रमुख चौधरीले व्यक्त गर्नुभएको छ ।




राहत हस्तान्तरणका क्रममा नगर प्रमुख चौधरीले मृतक परिवारप्रति समवेदना व्यक्त गर्दै भन्नुभयो, "नगरपालिकाले गरिब, विपन्न, दलित तथा मुसहर समुदायका नागरिकको दुःखमा साथ दिन प्रतिबद्ध छ, यस्ता परिवारका सदस्यको मृत्यु भएपछि राहत सामग्रीका साथै मुसहर परिवारको हकमा काजकिरिया गर्न थप रु पाँच हजार आर्थिक सहयोगसमेत गर्दै आएका छौँ ।"

वडाध्यक्ष करिमले मानवीय संवेदनाका आधारमा नगरपालिकाले सहयोग गर्दै आएको बताउँदै भन्नुभयो, "डोमनीदेवीको असामयिक निधनले परिवार ठूलो सङ्कटमा परेको छ, वडाकोतर्फबाट पनि आवश्यक सहजीकरण र सहयोग निरन्तर रहनेछ ।"

मृतक डोमनीदेवीका पाँच छोरी र एक छोरा छन् । उहाँको पति गुदर मोची जुत्ताचप्पल सिलाइ गरेर परिवारको गुजारा चलाउँदै आउनुभएको छ । आर्थिक अवस्था कमजोर रहेकाले नगरपालिकाबाट प्राप्त सहयोगले केही राहत मिलेको डोमनीका पति गुदरले बताउनुभयो । "यस्तो पीडाका बेला नगरपालिकाले सहयोग गरेकामा हामी आभारी छौँ, यसले परिवारलाई ठूलो सहारा मिलेको छ", उहाँले भन्नुभयो ।

यसैबीच, लहान-१८ मा ७० वर्षीय बचकुनी सदायको निधनपछि त्यहाँका पीडित परिवारलाई पनि नगरपालिकाले आजै राहत सामग्री हस्तान्तरण गरेको छ । काजकिरिया गरिरहेका भोली सदायले दुःखको घडीमा नगरपालिकाले साथ दिएको भन्दै धन्यवाद व्यक्त गर्नुभयो । नगरपालिकाले आगामी दिनमा पनि गरिब, विपन्न तथा असहाय परिवारलाई लक्षित गर्दै यस्ता राहत तथा सहयोग कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।रासस

# लैंगिक हिंसाविरुद्धको अभियानमा विभिन्न कार्यक्रम




**टुडे समाचारदाता**

जनकपुरधाम । लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानअन्तर्गत यसवर्ष पनि विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सम्पन्न गरिएको छ । सामुदायिक परिवार कल्याण संघ (सीएफडब्लूए) ले प्लान इन्टरनेशनल नेपालको साझेदारीमा सञ्चालित सशक्त बालिका परियोजना अन्तर्गत "प्रविधिको सही प्रयोग गरौं: लैंगिक हिंसा अन्त्य गरौँ" भन्ने मूल नाराका साथ मनाएको छ ।

सो १६ दिने अभियानअन्तर्गत सम्पन्न यी कार्यक्रमहरूले समुदायस्तरमा लैंगिक हिंसा, बाल विवाह, दाइजो प्रथा र प्रविधिको दुरुपयोगविरुद्ध चेतना अभिवृद्धि गर्न महत्वपूर्ण कार्यक्रमहरु आयोजना गरिएको आयोजक संस्था सीएफडब्लूएले जनाएको छ ।

अभियान अन्तर्गत विदेह नगरपालिका वडा नं. १, ७ र ८ मा 'परिवर्तनका संवाहक' कक्षामा अध्ययनरत बालबालिका तथा किशोर-किशोरीहरूले आफ्ना गाउँ-टोलमा बाल विवाह र दाइजो प्रथाविरुद्ध जनचेतनामूलक सडक नाटक प्रदर्शन गरेका थिए ।

त्यसैगरी, जनकनन्दिनी गाउँपालिका वडा नं. ५ बनरझुल्ला स्थित श्री शंकर माध्यमिक विद्यालय सँगको संयुक्त आयोजनामा हाजिरी जवाफ तथा वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरिएको थियो । सो प्रतियोगितामा ६ वटा आधारभूत तथा माध्यमिक विद्यालयबाट १८ जना हाजिरी जवाफमा र ६ जना विद्यार्थी वक्तृत्वकलामा सहभागी भएका थिए ।

त्यस्तै सामुदायिक परिवार कल्याण संघद्वारा गठन गरिएको च्याम्पियन युथ क्लब को आयोजनामा वृहत् र्‍याली तथा कोणसभा आयोजना गरिएको थियो । र्‍याली जनकनन्दिनी गाउँपालिकाबाट सुरु भई खजुरी बजार, महुवा बजार, रेलवे स्टेशन र प्रहरी चौकी हुँदै पुनः गाउँपालिकामा पुगेर कोणसभामा परिणत भएको थियो ।

जनकपुरधामस्थित मैथिली विकास भवनमा आयोजित लैंगिक समानता मेला मा पनि सामुदायिक परिवार कल्याण संघले स्टल राखी चित्रकला, पर्चा, पम्प्लेट तथा बुकलेटहरूको प्रदर्शनी गरेको थियो। मेलामा विभिन्न राष्ट्रिय तथा अन्तर र्‍ाष्ट्रिय गैरसरकारी संस्थाहरूको सहभागिता रहेको थियो ।

> जनकपुरधामस्थित मैथिली विकास भवनमा आयोजित लैंगिक समानता मेला मा पनि सामुदायिक परिवार कल्याण संघले स्टल राखी चित्रकला, पर्चा, पम्प्लेट तथा बुकलेटहरुको प्रदर्शनी गरेको थियो।

# मैथिली फिल्म "कलकतियावाली"ले जनकपुरधामका सिनेमा हलमा दर्शक तान्यो

**टुडे समाचारदाता**

जनकपुरधाम । मोबाइल प्रयोगकर्ताको बढ्दो संख्यासँगै बन्द हुने अवस्थामा पुगेका जनकपुरधामका सिनेमा हलमा मैथिली फिल्मले नयाँ उत्साह थपेको छ । शुक्रबारदेखि जनकपुरधामस्थित आशा सिनेमा हलमा प्रदर्शनमा आएको मैथिली फिल्म 'कलकतियावाली' ले उल्लेख्य दर्शक तान्न सफल भएको छ ।

नयाँ हिन्दी फिल्महरू रिलिज हुँदा समेत दर्शकको उपस्थिति न्यून देखिँदै आएको अवस्थामा मैथिली फिल्म 'कलकतियावाली' ले हलमा भीड जुटाएको हो । शुक्रबारदेखि आशा सिनेमा हलमा प्रदर्शन सुरु भएयता फिल्म हेर्न दर्शकको उल्लेख्य सहभागिता देखिएको छ ।विगत एक महिनादेखि विभिन्न सहरमा टेन्टमार्फत प्रदर्शन गर्दै आएको फिल्म टिमले सेन्सर पास भएपछि पहिलोपटक ठूलो पर्दामा 'कलकतियावाली' रिलिज गरेको हो । फिल्म प्रदर्शनसँगै दर्शकहरू उत्साहका साथ हल पुगेका छन् । पहिले फाटफुट देखिने दर्शकको सट्टा अहिले भारी भीडभाडसहित दर्शकहरू फिल्म हेर्न पुगेका छन् ।

दर्शकको सकारात्मक प्रतिक्रियाले मैथिली फिल्ममा लगानी गर्न सकिने सन्देश दिएको फिल्मकर्मीहरूको भनाइ छ । 'लभ यु मिथिला' को प्रस्तुति रहेको यस फिल्मका गीतहरूलाई यसअघि नै दर्शकहरूले अत्यधिक मन पराइसकेका छन् ।




फिल्ममा इशिका भुजेल, श्यामकुमार, अनिसा झा, रामनारायण ठाकुर र अभिनास झाको मुख्य भूमिका रहेको छ । 'कलकतियावाली' को निर्देशन अरुण विजयाले गरेका हुन् । संगीत प्रमोद मनोजले दिएका छन् भने फिल्मका निर्माता विजय यादव हुन् ।

शुक्रबारदेखि जनकपुरधाममा रिलिज भएको 'कलकतियावाली' जनकपुरधामपछि मैथिली भाषी दर्शक रहेका अन्य सहरका सिनेमा हलहरूमा पनि प्रदर्शन गरिने बताइएको छ । निर्देशक अरुण विजयाका अनुसार भारतमा प्रदर्शनका लागि सेन्सर प्रक्रियामा रहेको फिल्म सेन्सर पास भएलगत्तै भारतको बिहार राज्यका सिनेमा हलहरूमा समेत प्रदर्शन गरिनेछ ।

**जिल्ला धनुषा जनकपुरधाम उपमहानगरपालिका वडा नं १४ मा सुरेश धनकारको छोरा राम विलास धनकार र जिल्ला धनुषा माचीझिटकैया गा.वि. स. वडा नं ६ हाल कमला नगरपालिका वडा नं ३ मा बस्ने राम भगत यादव को छोरा सुरेन्द्र कुमार यादवनाउँमा पोखरी को बक्यौता बहाल बुझाउन आउनु भनि जारि गरेको ३५ दिने सूचना**

जग्गा धनी तारा चन्द्र प्रसाद साह को नाउँमा दर्ता रहेको जिल्ला धनुषा जनकपुरधाम साविक सोहानी मुजेलिया वडा नं २किता नं ४९ को क्षेत्रफल २-०-१२-०, ऐ. ऐ. को किता नं ६६ को क्षेत्रफल ०-१४-१-० जग्गामापोखरी तथा डिल समेतमा तपाइँ जिल्ला धनुषा जनकपुरधाम उपमहानगरपालिका वडा नं १४ मा बस्ने सुरेश धनकारको छोरा राम विलास धनकार र तपाइँ साझेदार जिल्ला धनुषा माचीझिटकैया गा.वि. स. वडा नं ६ हाल कमला नगरपालिका वडा नं ३ मा बस्ने राम भगत यादव को छोरा सुरेन्द्र कुमार यादव समेतले माछा पालन को निमित्त प्रति बर्ष प्रति कट्ठा रु. ६,०००/-(अक्षरेपी छ हजार) को दरले उपरोक्त जग्गाको बार्षिक बहाल रु. ३,००,०००/- (तीन लाख) बुझाउने शर्तमा मिति २०७७ साल असाढ १ गते देखि ३ बर्ष को लागि पोखरी र डिल जग्गा बहालमा लिनु भएकोमा तपाईंहरु उक्त जग्गा अझै प्रयोग/उपभोग गर्दै आईरहनु भएकोमा उक्त पोखरी र डिल मा आँफैलाई आवश्यकता परेको हुँदा उक्त पोखरी र डिलको बक्यौता बुझाईपोखरी र डिल जग्गा खालि गर्नु भनि बारम्बार मौखिक सूचना दिंदा समेत तपाईंहरु अटेर गरि आईरहनु भएको र तपाईंहरुले २०८१ साल को बार्षिक पोखरी जग्गा बहाल रकम २०८२ साल जेष्ठ मसान्त भित्रमा बुझाई सक्नु पर्नेमा बहालको रकम नदिई आलटाल गरि आईरहनु भएको हुँदाहाल सम्मको बक्यौता २०७७ सालको ३,००,०००/-, २०७८ सालको ३,३०,०००/-, २०७९ सालको ३,६३,०००/- र २०८० सालको ३,९९,३००/-बहाल रकम बुझाउन सुचित गरिन्छ! अन्यथा, तपाईंहरु उपर प्रचलित कानुन बमोजिमको कारवाही गर्न बाध्य हुनेछु । ईति सम्वत् २०८२ साल पुष ५ गते, सुभम् ...

**सुचना जारि गर्ने**: जग्गा धनीतारा चन्द्र प्रसाद साहको हकमा कृष्ण चन्द्र प्रसाद साह,जनकपुरधाम उपमहानगरपालिका वडा नं १४

# सभापति लामिछाने पार्टी जिम्मेवारीमा फर्कंदै : रास्वपा




काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले उच्च अदालत तुलसीपुरको बुटवल इजलासले पार्टी सभापति रवि लामिछानेलाई थुनामुक्त गर्न दिएको आदेशको स्वागत गर्दै लामिछाने पार्टीको मुख्य जिम्मेवारीमा फर्किने जनाएको छ ।

कार्यवाहक सभापति डोलप्रसाद अर्यालले शुक्रबार विज्ञप्ति जारी गर्दै कानुनी र प्रशासनिक प्रक्रिया पूरा गरी लामिछानेले तत्काल पार्टीको मूल जिम्मेवारीमा फर्कने बताउनुभयो । उहाँले पार्टी विधिको शासन, कानुनी सर्वोच्चता र न्यायिक प्रक्रियाप्रति सधैं प्रतिबद्ध रहेको उल्लेख समेत गर्नुभएको छ ।

"उच्च अदालत तुलसीपुरको बुटवल इजलासले बिहीबार पार्टी सभापति रवि लामिछानेलाई थुनामुक्त गर्न दिएको आदेशप्रति राष्ट्रिय स्वतन्त्र पार्टी सम्मान व्यक्त गर्दछ", विज्ञप्तीमा कार्यवाहक सभापति अर्यालले भन्नुभएको छ, "कानुनी र प्रशासनिक प्रक्रिया पूरा भएपछि सभापति लामिछाने पार्टीको मुख्य जिम्मेवारीमा फर्किनुहुनेछ ।"रासस

# एमालेको काँधमा ठूलो जिम्मेवारी छः अध्यक्ष ओली



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले मुलुकको विषम परिस्थितिमा पार्टीको काँधमा ठूलो जिम्मेवारी रहेको बताउनुभएको छ । पार्टीको ११ औं महाधिवेशनबाट निर्वाचित नवनिर्वाचित केन्द्रीय कमिटीको प्रथम बैठकलाई शुक्रबार यहाँ सम्बोधन गर्दै उहाँले केन्द्रीय कमिटीले निष्ठा र उत्साहका साथ उक्त जिम्मेवारी पूरा गर्नुपर्ने बताउनुभयो ।

अध्यक्ष ओलीले पार्टीको ११औं महाधिवेशन भव्यता र हरेक कोणबाट सफल भएको दाबी गर्नुभयो । उहाँले पार्टीभित्र समय समयमा केही समस्या देखिए पनि आगामी दिनमा त्यस्ता कमजोरी प्रकट नहुन् भन्नेमा सबै सचेत रहनुपर्नेमा जोड दिनुभयो । "हाम्रो एक आवाज हुनुपर्दछ, दोस्रो विधान महाधिवेशनले पास गरेको नीतिअनुसार अगाडि बढ्ने छौं । बेतालमा, बेसुरमा होइन, हामी तालमा अगाडि बढ्ने छौं", अध्यक्ष ओलीको भनाइ थियो ।

उहाँले पार्टीभित्रका असन्तुष्टि सार्वजनिक सञ्चार माध्यममा गएर नपोख्न र केही, असहमति र असन्तुष्टि भए नेतृत्वसमक्ष मौखिक वा लिखत रूपमा पेस गर्न आग्रह गर्नुभयो । "समाज र सामाजिक प्राणी हुनुको नाताले अनुशासन अपरिहार्य छ । उन्नत समाज निर्माणको अग्रदस्ता राजनीतिक पार्टी र तीमध्ये पनि अग्रदस्ताको रूपमा रहेको एमालेभित्र दृढ अनुशासन अपरिहार्य छ । यसमा हामी सबै जिम्मेवार ढङ्गले सचेत रहनुपर्छ", अध्यक्ष ओलीले भन्नुभयो । रासस

# निर्वाचन सुनश्चित भइसकेको छ, अब शङ्का नगर्नुस् – मन्त्री खरेल

"निर्वाचनका लागि आठ लाखभन्दा बढी नयाँ मतदाता थपिएका छन् । आवश्यक स्रोतसाधन र जनशक्तिको व्यवस्थापन भइसकेकाले निर्वाचन सुनिश्चित भएको छ ।"



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले मुलुक अनिश्चतताको बाटोबाट निश्चितताको सकारात्मक मार्गतर्फ अघि बढिरहेको बताउनुभएको छ । गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा जनधनको क्षतिका कारण सृजित भय र अशान्तको अवस्थालाई छोटो समयमै सरकारले सामान्यीकरण गर्न सफल भएको उल्लेख गर्नुभयो ।

वर्तमान सरकार गठनको १०० दिनका सन्दर्भमा नेपाल टेलिभिजन र राससँग कुराकानी गर्दै नेपाल सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री खरेलले जेनजी आन्दोलनमा ७६ जनाको निधन र प्रारिम्भक अनुमानअनुसार ८४ अर्बभन्दा बढीको भौतिक क्षति भएको अवस्थाबाट यहाँसम्म ल्याउन सरकारले समन्वयकारी भूमिका निर्वाह गरेको बताउनुभयो । उहाँले आमजनमानसमा पनि डर र त्रास कम हुँदै गएको र समाज सकारात्मक दिशातर्फ उन्मुख भइरहेको स्पष्ट पार्नुभयो ।

आगामी फागुन २१ गते निर्वाचन, सुशासन कायम र भ्रष्टाचार नियन्त्रणलगायत कार्यदेशसहित जेनजी आन्दोलनको जगमा वर्तमान सरकार गठन भएको पृष्ठभूमि उल्लेख गर्दै सञ्चारमन्त्री खरेलले निर्वाचनको सुनश्चितता भइसकेकाले अब शङ्का नगर्न आग्रह गर्नुभयो ।

"आगामी फागुन २१ हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि निर्वाचन आयोगले कार्यतालिका बनाएर काम गरिरहेको छ। राजनीतिक दलहरू उत्साहजनक रूपमा निर्वाचनमा होमिइरहेको अवस्था छ । जनता पनि निर्वाचनप्रति उत्साहित छन्", उहाँले भन्नुभयो, "निर्वाचनका लागि आठ लाखभन्दा बढी नयाँ मतदाता थपिएका छन् । आवश्यक स्रोतसाधन र जनशक्तिको व्यवस्थापन भइसकेकाले निर्वाचन सुनिश्चित भएको छ ।"

सरकार निर्वाचनका लागि प्रतिबद्ध रही निर्वाचन आयोग, सुरक्षा निकायका लागि आवश्यक बजेटको व्यवस्था गरिसकेको उहाँको भनाइ थियो । मन्त्री खरेलले निर्धारित समयमै निर्वाचन गराउन राजनीतिक दल, सरोकारवाला संस्थालगायतसँग वार्ता भइरहेको पनि उल्लेख गर्नुभयो ।मन्त्री खरेलले सरकारले पाएको अर्को कार्यदेशअनुसार सुशासन कायम गर्ने सिलसिलामा खर्चमा मितव्ययी हुने र आवश्यकता बाहिरका आयोजनाको बजेट कटौती गरिरहेको बताउनुभयो । साथै सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन पनि सरकारले ध्यान दिएको उहाँको भनाइ छ ।

"भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा विगत जस्तो सरकारबाट राज्यका निकायलाई हुने दबाब र प्रभावमा पार्ने काम भएको छैन, अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई स्वतन्त्र ढङ्गले काम गर्ने वातावरण मिलाएको छ । फलस्वरूप १०० दिनमा ३० भन्दा बढी ठूला भ्रष्टाचारसम्बन्धी मुद्दा दर्ता भएका छन्", उहाँले भन्नुभयो, "सरकारअन्तर्गतका निकाय केन्द्रीय अनुसन्धान ब्यूरो, राष्ट्रिय सतर्कता केन्द्रले स्वतन्त्र र व्यावसायिक ढङ्गले काम गरिरहेका छन् ।"

मन्त्री खरेलले जेनजी आन्दोलनका क्रममा उठाइएको मुद्दा सम्बोधन गर्ने क्रममा जेनजी पुस्तासँग महत्त्वपूर्ण समझदारी भएको बताउनुभयो ।

जेनजी विद्रोह हो की आन्दोलन भन्ने अन्योलतालाई चिर्दै सरकारले जनआन्दोलनको मान्यता दिएको उहाँको भनाइ थियो । त्यो विषय राजपत्रमा प्रकाशित भइसकेको उहाँले उल्लेख गर्नुभयो ।आन्दोलनका क्रममा भएको जधनधनको क्षतिको छानबिन गर्न आयोग गठन भइ विधि, प्रक्रिया र कानुनसम्मत ढङ्गले काम भइरहेको जनाउँदै उहाँले आयोगको कार्यक्षेत्र सरकारले मिच्न नपाउने र आयोगले स्वतन्त्र रूपले काम गर्ने बताउनुभयो । आयोगको काममा सरकारले हस्तक्षेप गर्न नमिल्ने उहाँको भनाइ थियो ।

आसन्न निर्वाचनमा ९९ प्रतिशतभन्दाबढी राजनीतिक दलको सहमति रहेको जनाउँदै उहाँले भन्नुभयो, "सोहीअनुसारको दलहरूले आ-आफ्नो उम्मेदवारको नाम सिफारिस गरिरहनुभएको छ । कतिपयले समानुपातिक सूचीभित्र पर्ने उम्मेदवारको बारेमा छलफल गरिसक्नुभएको छ । कैयौं राजनीतिक दल गाउँदेखि सहरसम्म स्थानीयदेखि केन्द्रसम्म चुनावी अभियानमा होमिसकेका छन् ।" केही दलले चुनाव अगावै महाविधशेन सम्पन्न गरेर नेतृत्व चयन गरिसकेका बताउँदै उहाँले केही राजनीतिक दलले भने सुरक्षा चासो देखाएको बताउनुभयो । मन्त्री खरेलले भन्नुभयो, "केही दलले निर्वाचनको वातावरण सँग जोडेर केही हतियार र कैदी बाहिर छन् भनी चासो देखाएका छन् । उहाँहरूले चुनावमा भाग लिन्नौं भनेका छैनन् । उहाँहरू निर्वाचन र लोकतन्त्रप्रति विश्वास राख्ने पार्टी हो भनिरहेको बेला हामीले शङ्का गर्न मिल्दैन ।"

भयरहित वातावरणमा निर्वाचन हुनुपर्छ भन्ने दलको चासो सरकारले बुझेको स्पष्ट गर्दै नेपाल सरकारका प्रवक्ता खरेलले भन्नुभयो, "पूर्णरूपमा निस्पक्ष, स्वतन्त्र र धाँधलिरहित चुनाव गराउनेमा सबै राजनीतिक दल र जनतालाई सरकारको प्रतिबद्धता व्यक्त गर्छ ।" उहाँले अधिकांश फरार कैदी कारागारमा फर्किसकेको उल्लेख गर्दै चुनावको अवधिसम्म सबै कैदीलाई कारागारमा फर्काउनेमा प्रतिबद्धता जनाउनुभयो । यसका लागि त्यसमा गृह प्रशासन लागिरहेको उहाँको भनाइ छ ।रासस

# योजना र नतिजा विश्लेषणबिनाको खर्चले राज्यप्रतिको विश्वास घट्दै गयोः उद्योगमन्त्री सिन्हा

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हाले योजना, प्राथमिकता र नतिजा विश्लेषणबिनै सार्वजनिक खर्च गर्ने प्रवृत्तिका कारण नागरिकमा राज्यप्रतिको विश्वास कमजोर बन्दै गएको बताउनुभएको छ ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले शुक्रबार आयोजना गरेको 'सार्वजनिक खर्चको प्रभावकारिता र सेवा प्रवाह सुधारका लागि नीति संवाद कार्यक्रम' मा उहाँले जनताबाट सङ्कलित करको उचित र जिम्मेवार प्रयोग हुन नसक्दा असन्तुष्टि बढ्दै गएको धारणा राख्नुभयो ।

मन्त्री सिन्हाले भन्नुभयो, "सार्वजनिक स्रोतको सदुपयोग र आर्थिक सुशासन कायम हुन सकेन भने स्वाभाविक रूपमा नागरिकमा असन्तुष्टि बढ्छ । पछिल्लो समय देखिएको असन्तुष्टिको उदाहरण गत भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शन पनि हो ।" उहाँले बजारमा कालोबजारी, एकाधिकार र कृत्रिम अभावजस्ता विकृति अन्त्य गर्न सरकार गम्भीर रहेको



उल्लेख गर्नुभयो । जेनजी प्रदर्शनको पृष्ठभूमिमा बनेको सरकार सुशासन, पारदर्शिता र आर्थिक अनुशासन कायम गर्न प्रतिबद्ध भए पनि केही संरचनागत र कार्यान्वयनगत सीमितताका कारण अपेक्षित गतिमा काम गर्न नसकिएको स्वीकार गर्नुभयो ।

"यद्यपि सरकारले आफ्ना नीति तथा कार्यक्रम अघि बढाउँदा विज्ञहरूको सुझावलाई प्राथमिकता दिएको छ", मन्त्री सिन्हाले भन्नुभयो, "आगामी निर्वाचनसम्म सुशासन र सेवा प्रवाहमा ठोस सुधार ल्याई सकारात्मक वातावरणसहित जिम्मेवारी हस्तान्तरण गर्नु हाम्रो दायित्व हो ।"उहाँले राष्ट्रको वास्तविक आवश्यकताभन्दा पनि शक्ति र पहुँचका आधारमा बजेटमा योजना पार्ने प्रवृत्ति विद्यमान रहेकाले सरकारले यस्ता योजना तथा कार्यक्रम कटौती गरेको स्पष्ट पार्नुभयो । केही कार्यक्रमको बजेट रोक्का राखिँदा गुनासा आएको स्वीकार गर्दै मन्त्री सिन्हाले त्यसलाई खर्चको प्रभावकारिता बढाउने प्रक्रियाको हिस्साको रुपमा लिन आग्रह गर्नुभयो ।

सेवा प्रवाह सुधारका लागि डिजिटल प्रविधिको प्रयोग, जनशक्ति व्यवस्थापन, खर्चको प्राथमिकता निर्धारण र परिणाममुखी विनियोजन अपरिहार्य रहेको उहाँको भनाइ थियो ।कार्यक्रममा महालेखा नियन्त्रक शोभाकान्त पौडेलले सार्वजनिक खर्च अपेक्षित प्रभावकारी हुन नसक्नुमा संरचनागत कारण रहेका बताउनुभयो । "अनुत्पादक क्षेत्रमा खर्च बढ्दै गएको छ, राजनीतिक स्थिरता छैन र सामाजिक सुरक्षामा हुने खर्चको संरचना पुनरावलोकन हुन सकेको छैन", उहाँले भन्नुभयो ।

निजी क्षेत्रप्रति टिप्पणी गर्दै महालेखा नियन्त्रक पौडेलले आयोजनाको लाइसेन्स होल्ड गरेर बस्ने प्रवृत्ति व्यापक रहेको बताउनुभयो ।"निजीकरण र आर्थिक उदारीकरण गरियो भनिए पनि सीमित व्यक्ति र घरानाको मात्रै हालीमुहाली छ । स्रोतसाधन केही संस्थामै सीमित छ", उहाँले भन्नुभयो,"जेनजी प्रदर्शनपछि बनेको सरकारले अनावश्यक खर्च कटौती गरेको छ । राजनीतिक नेतृत्व र कर्मचारी संयन्त्रले उच्च मनोबल र जिम्मेवारीका साथ काम गर्नुपर्ने आवश्यक छ । हाम्रो भनाइ र गराइबीच अन्तर छ । उत्पादनमूलक क्षेत्रमा लगानी र स्रोत परिचालन नगरी आर्थिक सुधार सम्भव हुँदैन ।" सार्वजनिक खर्च पुनरावलोकन आयोगका सदस्य सुरेश प्रधानले खर्च प्रणालीकै आधार कमजोर रहेको धारणा राख्नुभयो । "खर्चको स्पष्ट मापदण्ड छैन ।रासस

# 'सार्वजनिक खर्चको प्रभावकारिता कमजोर र सेवा प्रवाहमा अपेक्षित सुधार देखिएन'



काठमाण्डु । अर्थशास्त्री डा डिल्लीराज खनालले सार्वजनिक खर्चको प्रभावकारिता कमजोर रहेको र सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको बताउनुभएको छ ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले शुक्रबार आयोजना गरेको 'सार्वजनिक खर्चको प्रभावकारिता र सेवा प्रवाह सुधारका लागि नीति संवाद कार्यक्रम' मा उहाँले नतिजा देखाउन नसकेका बोर्ड, समिति र संस्थान खारेज गरी बजेट बचत र प्रभावकारी उपयोगमा केन्द्रित हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । डा खनालका अनुसार पछिल्ला वर्षमा सामाजिक सुरक्षाको दायित्व तीव्र रूपमा बढ्दै गए पनि त्यसअनुसार परिणाम देखिएको छैन ।

उहाँले उत्पादनशील क्षेत्रमा वृद्धि नदेखिनु अर्थतन्त्रको प्रमुख समस्या भएको उल्लेख गर्दै सरकारले उत्पादन क्षेत्रमा सहुलियत तथा प्रोत्साहन दिएको भए पनि अपेक्षित नतिजा नआएको धारणा राख्नुभयो । डा खनालले शिक्षा र स्वास्थ्य क्षेत्रमा बजेटको ठूलो हिस्सा खर्च हुने गरे पनि ती क्षेत्रमा गुणस्तरीय सुधार हुन नसकेको बताउनुभयो ।

"गरिबीको अवस्था, प्रतिव्यक्ति खपत र जीवनस्तरको सूचकमा नेपाल दक्षिण एसियामै कमजोर मुलुकको सूचीमा पर्छ । सार्वजनिक खर्च प्रशासन सुधारका प्रयास भए पनि ती पर्याप्त छैनन् । सेवा प्रवाहमा समेत अझै उल्लेख्य सुधार नआएकाले समस्या भइरहेको छ", उहाले निष्कर्ष सुनाउनुभयो ।

डा खनालले सार्वजनिक खर्चका केही प्रवृत्ति संविधान, दिगो विकास लक्ष्य (एसडिजी) का प्रतिबद्धता तथा योजना र बजेटका प्राथमिकतासँग विरोधाभासपूर्ण रहेको भन्दै स्वास्थ्य क्षेत्रमा खर्च २०११/१२ मा सात दशमलव आठ प्रतिशत रहेकोमा २०२२/२३ मा घटेर चार दशमलव दुई प्रतिशतमा सीमित भएको उल्लेख गर्नुभयो ।

उहाँका अनुसार शिक्षा क्षेत्रमा तीव्र कटौती देखिएको र २०२२/२३ मा २१ प्रतिशत रहेको हिस्सा २०२३/२४ मा १० दशमलव पाँच प्रतिशतमा झरेको छ । यस विपरीत सामाजिक सुरक्षामा खर्च तीव्र रूपमा बढ्दै गएको छ । २०११/१२ मा तीन दशमलव छ प्रतिशत रहेको सामाजिक सुरक्षा खर्च २०२२/२३ र २०२३/२४ मा क्रमशः १४ दशमलव चार प्रतिशत र १६ दशमलव दुई प्रतिशत पुगेको छ । केही वृद्धि जायज भए पनि खर्चको यस्तो तीव्र वृद्धिले कमजोर नतिजा दिएको उहाँको भनाइ छ ।

डा खनालले बजेटको ठूलो हिस्सा आर्थिक वर्षको अन्तिम महिना र अन्तिम सातामा खर्च हुने प्रवृत्ति अझै कायम रहेकातर्फ ध्यानाकर्षण गराउनुभयो । कुल बजेटमा राजस्वको योगदान बढ्नु सकारात्मक भए पनि अनुदान घट्दै जानु र आन्तरिक ऋण बढ्नुले वित्तीय स्पेस साँघुरो बन्दै गएको उहाँले बताउनुभयो ।

"यस्तो अवस्थामा अर्थतन्त्रको पुनर्निर्माण र पुनरुत्थानका लागि ठूलो लगानी आवश्यक रहेको अवस्थामा अत्यधिक तरलता हुँदाहुँदै पनि लगानीको अपेक्षित माग नदेखिनु अर्को असन्तुलित प्रवृत्ति हो । अत्यन्तै खुकुलो मौद्रिक नीतिका बाबजुद पनि लगानी बढ्न नसक्नु गम्भीर समस्याका रूपमा लिनुपर्छ", डा खनालले भन्नुभयो,"कुल गार्हस्थ उत्पादनको अनुपातमा हेर्दा नेपालमा सार्वजनिक खर्च भारतबाहेक अन्य दक्षिण एसियाली मुलुकको तुलनामा उच्च छ । बजेट विनियोजनको तुलनामा खर्च निकै कमजोर छ । अर्धवार्षिक समीक्षामा ठूलो कटौती हुँदाहुँदै पनि यस्तो अवस्था दोहोरिनु बजेट प्रणालीकै कमजोरी हो ।"

यसैगरी उहाँले रकमान्तरको प्रवृत्ति अत्यधिक रहेको उल्लेख गर्दै २०२३/२४ को बजेटमा कुल रकमान्तर १४ दशमलव ६४ प्रतिशत पुगेको र त्यसको ठूलो हिस्सा अन्तिम समयमा खर्च हुनु विद्यमान नियमविपरीत भएको बताउनुभयो । रासस

# स्वास्थ्य परीक्षण शुल्कमा पुनरावलोकन गर्दै मन्त्रालय




काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारी जाने कामदारको स्वास्थ्य परीक्षण शुल्कमा पुनरावलोकन गर्ने भएको छ ।

अन्तरराष्ट्रिय आप्रवासन दिवसका सन्दर्भमा शुक्रबार मन्त्रालयमा आयोजित कार्यक्रममा मन्त्री राजेन्द्रसिंह भण्डारीले वैदेशिक रोजगारमा जानेका लागि निर्धारित स्वास्थ्य परीक्षण शुल्क अत्यन्तै महंगो भएको उल्लेख गर्दै पछिल्लो पटक भएको शुल्क वृद्धिमा पुनारवालोकन गर्नका लागि प्रक्रिया अगाडि बढाइएको बताउनुभयो । "स्वास्थ्य परीक्षण शुल्क चर्को भएको कुरा आएको छ, शुल्क वृद्धि खारेजको प्रक्रियामा जाँदैछौ", उहाँले भन्नुभयो । मन्त्रालयले केही समय अघि ६ हजार ५०० रहेको शुल्क बढाएर नौ हजार ५०० बनाएको थियो ।

मन्त्री भण्डारीले वैदेशिक रोजगारी जानेहरुलाई सीपमुलक तालिम दिने बाहानामा विभिन्न ठगीका घटना बढेको उल्लेख गर्दै सरकारले आफैले तालिम दिने विषयमा पनि सोचिरहेको बताउनुभयो । उहाँले वैदेशिक रोजगारीका नाममा हुने ठगी नियन्त्रणमा संयन्त्रगत रुपमा काम सुरु गरिएको पनि उल्लेख गर्नुभयो ।

कार्यक्रममा मन्त्रालयका सचिव डा कृष्णहरि पुस्करले मानव अधिकार हरेक श्रमिकको अधिकार भएकाले सम्मानजनक रुपमा श्रम गर्न पाउनुपर्नेमा जोड दिनुभयो । श्रमिकको अधिकार सुनिश्चित गर्न वैदेशिक रोजगार व्यवसायी, मानव अधिकार सञ्जाल, संघसस्थालगायत निजी क्षेत्रको हातेमालोबाट मात्रै सम्भव हुने उहाँको भनाइ थियो । वैदेशिक रोजगार व्यवसायी सङ्घका अध्यक्ष भुवनसिंह गुरुङले वैदेशिक रोजगारका नयाँ गन्तव्यमा रोजगार गर्न जान पाउने मानव अधिकारलाई राज्यले सहज बनाउनु पर्नेमा जोड दिनुभयो ।रासस

**जिल्ला धनुषा माचिझिटकैया गा.वि.स. वडा न. ६ हाल कमला नगरपालिका वडा न. ३ मा बस्ने बिष्णुदेव यादवको छोरा बर्ष ४१ को सन्तोष कुमार यादवको नाउँमा घर जग्गा खालि गरि बक्यौता घर जग्गाबहाल बुझाउन आउनु भनि जारि गरेको ३५ दिने सूचना**

म जग्गा धनी शरद चन्द्र प्रसाद साह को नाउँमा दर्ता रहेको जिल्ला धनुषा जनकपुरधाम उपमहानगरपालिका वडा नं १४ सिट नं १२७५ - १३ किता नं १४ को क्षेत्रफल ०-१६-१३-३ मध्ये उत्तर पुर्व कुनाबाट क्षेत्रफल ०-४-० को जग्गामा रहेको ईटाको पर्खाल चदराको छाना भएको २ घर तपाइँ जिल्ला धनुषा माचीझिटकैया गा. वि. स. वडा नं ६ हाल कमला नगरपालिका वडा नं ३ मा बस्ने विष्णुदेव यादवको छोरा बर्ष ४१ को सन्तोष कुमार यादवलाई मौखिक सहमति बमोजिम बार्षिक रु. ५०,०००/-( अक्षरेपी पचास हजार ) प्रति बर्ष ५% बढ्ने गरि का दरले मिति २०७७ साल बैशाख १ गते देखि बढीमा पांच बर्ष को लागि घर जग्गा बहाल अग्रिम बुझाउने शर्तमा घर जग्गा बहालमा दिएकोमा तपाइँ उक्त घर जग्गामा बसी आईरहनु भएकोमा मलाई उक्त घर जग्गा आफैलाई आवश्यकता परेको हुँदा बक्यौता घर वहाल बुझाई घर जग्गा खालि गर्नु भनि बारम्बार मौखिक सूचना गर्दा समेत तपाइँ अटेर गरि बसी आईरहनु भएको हुँदा यो सार्वजनिक सुचना जारि गर्न बाध्य भएको छु । तपाईले २०८१ साल जेष्ठ महिना देखि नै घर जग्गा बहाल नदिई आलटाल गरि आईरहनु भएको हुँदा आज सम्मको हुन् आउने जम्मा रु. ९७,३१६/- (६३,८१४+३३,५०२) मध्ये रु.२५,०००/- मात्र बुझाउनु भएको, तसर्थ जम्मा बक्यौता रु.७२,३१६/- (अक्षरेपी, बहत्तर हजार तिन सय सोरह) यो सुचना जारि भएको मितिले ३५ दिन भित्र बुझाई घर जग्गा खाली गरि दिनु होला!सो म्याद भित्र घर जग्गा खालि नगरी बहाल नबुझाई आलटाल गर्नु भएको खण्डमा तपाइँ उपर प्रचलित कानुन बमोजिमको कारवाही गर्न बाध्य हुने छु र आफ्नो प्रयासमा सो घर जग्गा खालि गराउने छु,भनि मुलुकी देवानी सहित २०७४, को दफा ४०१(२) बमोजिम यो सूचना पठाएको छू। ईति सम्वत् २०८२ साल पुष ५ गते सुभम् ...

**सुचना जारि गर्ने**: जग्गा धनी शरद चन्द्र प्रसाद साहको हकमा कृष्ण चन्द्र प्रसाद साह,जनकपुरधाम उपमहानगरपालिका वडा नं १४

# ढाकामा तनाव बढ्दो

एएनआई

ढाका । इन्किलाब मोन्चोका नेता सरिफ उस्मान बिन हादीको निधनको विरोधमा ढाकामा प्रदर्शनहरू निरन्तर जारी रहेको छ।

डेली स्टार र प्रथम आलो जस्ता प्रतिष्ठित मिडिया हाउसका कार्यालयहरूलाई लक्षित गरिएको एक रातको हिंसात्मक अशान्तिपछि प्रदर्शनकारीहरूले राष्ट्रपिता शेख मुजीबुर रहमानको आंशिक रूपमा ध्वस्त घरमा पुगेर आफ्नो आक्रोश प्रकट गरेका छन् । प्रत्यक्षदर्शीहरूका अनुसार प्रदर्शनकारीहरूले घरको बाँकी संरचना भत्काउने प्रयास गर्नुका साथै त्यहाँ टाँसिएको पूर्व प्रधानमन्त्री शेख हसिनाको पोस्टरमा आगो लगाउने प्रयास गरेको देखिएको छ।

उस्मान हादीको मृत्यु पश्चात् देशभर अशान्ति फैलिँदै गएपछि इन्किलाब मोन्चोले आम नागरिकहरूलाई संयम अपनाउन आग्रह गरेको छ। बिहीबार राति सामाजिक सञ्जाल फेसबुकमा सार्वजनिक गरिएको एक पोस्टमा सङ्गठनले हिंसा, तोडफोड तथा आगजनी नगर्न स्पष्ट अपिल गरेको छ। पोस्टमा भनिएको छ, “विनाश र आगोको माध्यमबाट केही समूहले बङ्गलादेशलाई एक अप्रभावी राज्य बनाउने लक्ष्य राखिरहेका छन् । उनीहरू हाम्रो देशको स्वतन्त्रता र सार्वभौमसत्तालाई कमजोर पार्न खोजिरहेका छन् । तपाईंहरूले बुझ्नै पर्छ–३२ र ३६ एउटै होइन ।”

उक्त सन्देशमा थप भनिएको छ, “फेब्रुअरीको निर्वाचन नजिकिँदै गर्दा देशमा अशान्ति सिर्जना भएमा वास्तवमा कसलाई फाइदा पुग्छ भन्ने गम्भीरतापूर्वक विचार गर्नुहोस् । बङ्गलादेशमा स्थिरता कायम राख्न सरकारलाई पूर्ण सहयोग गर्नुहोस् र कुनै पनि प्रकारको हिंसाबाट टाढा रहनुहोस् ।”

यसैबीच, अङ्ग्रेजी भाषाको प्रतिष्ठित दैनिक द डेली स्टारको कार्यालयमा भएको तोडफोडपछि भवनको छतमा फसेका एक जना पत्रकारले आफ्नो कष्टप्रद अनुभव सार्वजनिक गरेका छन् । उनका अनुसार भीडको एक समूहले प्रथम आलोको कार्यालयमा आक्रमण गरेपछि द डेली स्टारको भवनतर्फ अगाडि बढेको बाहिरबाट आएको फोन कलमार्फत जानकारी प्राप्त भएपछि उनीहरू सतर्क भएका थिए।

चेतावनी प्राप्त भएपछि समाचार कक्षमा कार्यरत कर्मचारीहरूले सुरक्षित रूपमा भवन खाली गर्ने प्रयास गरे। तर, त्यतिन्जेलसम्म भीडले भुइँतलासम्म पुगेर व्यापक तोडफोड गरिसकेको थियो र त्यसपछि भवनमा आगो लगाइएको थियो। बाक्लो धुवाँ फैलिँदै गएपछि तल झर्न असम्भव देखेर पत्रकारहरूको समूहले १० औँ तलाको छततर्फ भागेर ज्यान जोगाउनुपरेको थियो।

केही समयपछि फायर सर्भिसका कर्मचारीहरू घटनास्थलमा पुगे र तल्लो तलामा लागेको आगो नियन्त्रणमा लिन सफल भए। उद्धार कार्यका क्रममा चार जना अग्नि नियन्त्रकहरू छतमा पुगेर त्यहाँ फसेका व्यक्तिहरूलाई सुरक्षित रूपमा बाहिर निकाल्न सफल भएको बताइएको छ ।घटनापछि उत्पन्न असुरक्षा र क्षतिको अवस्थाका कारण शुक्रबार प्रथम आलो र द डेली स्टार दुवै पत्रिका प्रकाशित नहुने जनाइएको छ।

# इयुको ९० अर्ब युरो सहयोग सम्झौता

एपी

ब्रसेल्स । युरोपेली सङ्घ (इयु) का नेताहरूले युक्रेनलाई आगामी दुई वर्षसम्म सैन्य तथा आर्थिक आवश्यकताहरू पूरा गर्न ९० अर्ब युरो बराबरको ब्याज-मुक्त ऋण उपलब्ध गराउने सहमति जनाएका छन्। यद्यपि, कोष जुटाउन फ्रिज गरिएको रुसी सम्पत्तिहरू प्रयोग गर्ने योजनामा बेल्जियमसँगको मतभेद समाधान हुन सकेको छैन।



लगभग चार वर्षदेखि जारी युद्धका कारण युक्रेनको अर्थतन्त्र अत्यन्तै दबाबमा रहेको छ। अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले सन् २०२६ र २०२७ मा युक्रेनलाई करिब एक खर्ब ३७ अर्ब युरो (एक खर्ब ६१ अर्ब अमेरिकी डलर) आवश्यक पर्ने अनुमान सार्वजनिक गरिसकेको छ । किएभ सरकार टाट पल्टिने सङ्घारमा पुगेको बताइँदै आएको छ र वसन्तसम्म नगद अभाव झेल्नुपर्ने अवस्था रहेको छ।

युरोपमा प्रायः बेल्जियममा अवस्थित करिब दुई खर्ब १० अर्ब युरो (दुई खर्ब ४६ अर्ब डलर) बराबरका रुसी सम्पत्तिहरू फ्रिज अवस्थामा रहेका छन्। तीमध्ये केही सम्पत्ति प्रयोग गरी युक्रेनलाई सहयोग गर्ने प्रस्ताव अघि सारिएको थियो । तर, बेल्जियमले यसलाई कानूनी रूपमा जोखिमपूर्ण भन्दै आपत्ति जनाएपछि सहमति जुट्न सकेन ।इयुका नेताहरूले बिहीबार रातिसम्म बेल्जियमलाई ‘क्षतिपूर्ति ऋण’ योजनामा समर्थन गरेमा सम्भावित रुसी प्रतिशोधबाट जोगाउने आश्वासन दिन गहन प्रयास गरेका थिए । तर अन्ततः उक्त विकल्प प्रयोग नगर्ने निर्णय भयो। वार्ता अवरुद्ध भएपछि नेताहरूले पूँजी बजारबाट ऋण उठाएर युक्रेनलाई सहयोग गर्ने बाटो रोजे।

युरोपेली आयोगका अध्यक्ष एन्टोनियो कोस्टाले सामाजिक सञ्जालमार्फत भन्नुभयो, “हामीसँग सम्झौता भएको छ। सन् २०२६-२७ का लागि युक्रेनलाई ९० अर्ब युरो सहयोग गर्ने निर्णय स्वीकृत भएको छ । हामीले प्रतिबद्धता जनायौँ र हामीले त्यसलाई पूरा गर्‍यौँ ।”सबै सदस्य राष्ट्रले भने यो ऋण प्याकेजमा पूर्ण समर्थन जनाएनन् । हङ्गेरी, स्लोभाकिया र चेक गणतन्त्रले युक्रेनलाई समर्थन गर्न असहमति जनाउँदै विरोध जनाए। तर अन्ततः यस्तो समझदारी कायम भयो, जसअनुसार ती देशहरूले प्याकेज अवरुद्ध नगर्ने र कुनै पनि सम्भावित वित्तीय जोखिमबाट सुरक्षा दिने वाचा गरियो।

हङ्गेरीका प्रधानमन्त्री भिक्टर ओर्बनले भन्नुभयो, “म युरोपेली सङ्घ युद्धमा तानिन चाहँदिनँ ।” उहाँका अनुसार, ‘पैसा दिनु भनेको युद्धमा संलग्न हुनु हो ।’ साथै, उहाँले फ्रिज गरिएका रुसी सम्पत्तिहरू प्रयोग गर्ने असफल योजनालाई ‘मृत अन्त्य’ को संज्ञा दिनुभयो । ओर्बन रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका युरोपमा सबैभन्दा नजिकका सहयोगीका रूपमा चिनिनुहुन्छ र आफूलाई शान्ति निर्माता मान्नुहुन्छ ।फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले भने युक्रेन र यसको युद्ध प्रयासहरूलाई सहयोग गर्न पूँजी बजारबाट ऋण लिनु ‘सबैभन्दा यथार्थवादी र व्यावहारिक उपाय’ भएको बताउँदै यस सम्झौतालाई ठूलो प्रगति भएको टिप्पणी गर्नुभयो ।

जर्मन चान्सलर फ्रेडरिक मेर्जले पनि यो निर्णयको स्वागत गर्नुभयो । “युक्रेनका लागि वित्तीय प्याकेजलाई अन्तिम रूप दिइएको छ”, मेर्जले जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ, “युक्रेनलाई शून्य ब्याज ऋण प्रदान गरिएको छ ।” उहाँका अनुसार यी कोषहरू आउँदो दुई वर्षका लागि युक्रेनको सैन्य तथा बजेटीय आवश्यकताहरू पूरा गर्न पर्याप्त हुनेछन् । रुसले युद्ध क्षतिपूर्ति नदिएसम्म फ्रिज गरिएका सम्पत्तिहरू अवरुद्ध नै रहने उहाँले स्पष्ट पार्नुभयो ।

युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीका अनुसार युद्धको कुल लागत छ खर्ब युरो (सात खर्ब डलर) भन्दा बढी पुग्नेछ ।मेर्जले भन्नुभयो, “यदि रुसले क्षतिपूर्ति भुक्तानी गरेन भने हामी अन्तर्राष्ट्रिय कानूनअनुसार रुसी अचल सम्पत्तिहरू ऋण फिर्ता गर्न प्रयोग गर्नेछौँ ।”पाँच दक्षिण अमेरिकी राष्ट्रहरूसँग प्रस्तावित व्यापार सम्झौताविरुद्ध आक्रोशित किसानहरूको उग्र विरोध भइरहेका बेला आयोजित शिखर सम्मेलनमा सहभागी हुन ब्रसेल्स पुग्नुभएका राष्ट्रपति जेलेन्स्कीले नयाँ वर्षसम्म युक्रेनलाई स्थिर राख्न छिटो निर्णय गर्न अपिल गर्नुभएको थियो ।

पोल्यान्डका प्रधानमन्त्री डोनाल्ड टस्कले बिहीबार बिहान युक्रेनलाई सहयोग गर्न ढिलाइ भए ‘आज पैसा नपठाए भोलि रगत बग्न सक्छ’ भन्ने चेतावनी दिनुभयो ।बेल्जियमका प्रधानमन्त्री बार्ट डे वेभरले भने फ्रिज गरिएका रुसी सम्पत्तिहरू प्रयोग गर्ने योजना कानूनी रूपमा जोखिमपूर्ण भएको बताउँदै अस्वीकार गर्नुभयो। उहाँले यसले ब्रसेल्सस्थित वित्तीय समाशोधन संस्था यूरोक्लियरको व्यवसायमा नकारात्मक असर पार्न सक्ने चेतावनी दिनुभयो, जहाँ करिब एक खर्ब ९३ अर्ब युरो (दुई खर्ब २६ अर्ब डलर) बराबरको सम्पत्ति फ्रिज भएको छ।

बेल्जियम हालै रुसी केन्द्रीय बैंकले यूरोक्लियरविरुद्ध मुद्दा दायर गरेपछि थप दबाबमा परेको छ । सन् २०२२ मा पूर्ण-स्तरको युद्ध सुरु भएपछि इयु प्रतिबन्धअन्तर्गत ती सम्पत्तिहरू फ्रिज गरिएका थिए ।“मेरो विचारमा क्षतिपूर्ति ऋण राम्रो उपाय थिएन”, डि वेभरले बैठकपछि पत्रकारहरूसँग भन्नुभयो, “पाठलाई फेरि व्याख्या गर्दा धेरै प्रश्नहरू देखा परे। धेरै ढिला अन्त्यहरू थिए र यदि तपाईंले तीमध्ये कुनै एउटा तान्नुभयो भने सम्पूर्ण संरचना भत्किन सक्छ।”

उहाँले भन्नुभयो, “हामीले विश्वव्यापी कानूनी निश्चिततालाई कमजोर पार्ने जोखिमबाट आफूलाई जोगायौँ । कठिन अवस्थामा पनि, दबाबका बीच पनि, हामीले युरोप कानूनको सम्मान गर्छ भन्ने सिद्धान्तको रक्षा गर्‍यौँ । यसले इयुले बलियो राजनीतिक सन्देश दिएको छ–युर ोप युक्रेनको पछाडि दृढतापूर्वक उभिएको छ ।”यद्यपि, अध्यक्ष कोस्टाले स्पष्ट पार्दै भन्नुभयो, “इयुले यो ऋण चुक्ता गर्न भविष्यमा अचल सम्पत्तिहरू प्रयोग गर्ने आफ्नो अधिकार सुरक्षित राखेको छ।”

# अनलाइन घोटालाविरुद्ध वैश्विक पहल




एपी

बैङ्कक । अनलाइन घोटालाको तीव्र फैलावटविरुद्ध अन्तर्राष्ट्रिय स्तरको समन्वित प्रयास अघि बढाउने उद्देश्यले थाइल्यान्डको पहलमा नयाँ विश्वव्यापी अभियान सुरु गरिएको छ । विशेष गरी दक्षिणपूर्व एसियामा आधारित आपराधिक सञ्जालहरूले विश्वभरका पीडितहरूबाट हरेक वर्ष अर्बौं डलर ठगी गरिरहेको पृष्ठभूमिमा यो कदमलाई महत्त्वपूर्ण मानिएको छ।

थाइल्यान्डको विदेश मामिला मन्त्रालय र लागुऔषध तथा अपराधसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्यालय (युएनओडिसी) को संयुक्त आयोजनामा बुधबार र बिहीबार बैङ्ककमा सम्पन्न दुई दिने सम्मेलनको अन्त्यमा ‘अनलाइन घोटालाविरुद्ध ग्लोबल पार्टनरसिप’ नामक नयाँ पहल घोषणा गरिएको हो। सम्मेलनमा थाइल्यान्ड, बङ्गलादेश, नेपाल, पेरु र संयुक्त अरब इमिरेट्सका प्रतिनिधिहरू सहभागी थिए।

थाई प्रधानमन्त्री अनुतिन चार्नविराकुलले उद्घाटन सम्बोधनमा अनलाइन घोटालाले ‘गहिरो र साझा कमजोरी उजागर गरेको’ उल्लेख गर्दै भन्नुभयो, “यो यस्तो समस्या हो, जुन कुनै पनि देशले एक्लै समाधान गर्न सक्दैन ।” उहाँका अनुसार यसविरुद्ध सामूहिक प्रतिबद्धता र सीमापार सहकार्य अपरिहार्य छ।

सम्मेलनका क्रममा सहभागी राष्ट्रहरूले राजनीतिक प्रतिबद्धता, कानून प्रवर्तन संयन्त्र सुदृढीकरण, पीडितको संरक्षण, जनचेतना अभिवृद्धि तथा सीमापार सहयोगलाई समेट्ने साझेदारी सम्झौतामा हस्ताक्षर गरेका छन्। यस पहलमा निजी क्षेत्रको पनि उल्लेखनीय सहभागिता देखिएको छ। इन्टरनेट कम्पनीहरू मेटा र टिकटकले सम्मेलनलाई सहयोग गरेका थिए।

फेसबुक, इन्स्टाग्राम र ह्वाट्सएपको मातृ कम्पनी मेटाले अनलाइन घोटाला रोक्न प्रयोग भइरहेका स्क्याम नेटवर्क पहिचान प्रणाली र कृत्रिम बौद्धिकता (एआई) मा आधारित प्रोटोकलहरूको विवरण समेटिएको धम्की मूल्याङ्कन प्रतिवेदन प्रस्तुत गरेको थियो । यसले सामाजिक सञ्जालमार्फत हुने ठगी नियन्त्रणमा प्रविधिको बढ्दो प्रयोगलाई देखाएको छ।

छोटो भिडियोमा केन्द्रित विश्वका प्रमुख सामाजिक सञ्जाल प्लेटफर्ममध्ये एक टिकटकले सम्मेलनको समापन वक्तव्यमा हस्ताक्षर गर्दै साझेदारीको पहिलो निजी क्षेत्रका सदस्यहरूमध्ये एक बनेको छ। टिकटकले यही साता अमेरिकामा नयाँ संयुक्त उद्यम गठन गर्न प्रमुख लगानीकर्ताहरूसँग सम्झौतामा हस्ताक्षर गरेको जानकारी पनि दिएको छ। यद्यपि, चिनियाँ स्वामित्वका कारण टिकटकले अमेरिका, युरोपेली सङ्घ (इयु) र क्यानाडाजस्ता देशहरूमा पारदर्शिता, डाटा सुरक्षा र बाल संरक्षणसम्बन्धी चुनौतीहरू भोग्दै आएको छ।

नक्कली लगानी योजना र झुटा प्रेम सम्बन्धको प्रयोग गरी पैसा ठग्ने स्क्याम सेन्टरहरू दक्षिणपूर्व एसियाका विभिन्न देशमा फैलिएका छन् । युएनओडिसीको अनुमानअनुसार सन् २०२३ मा मात्र अनलाइन घोटालाका पीडितहरूले १८ अर्बदेखि ३७ अर्ब अमेरिकी डलरसम्म गुमाएका थिए।

बैङ्कक सम्मेलनमा करिब ६० देशका ३०० भन्दा बढी प्रतिनिधिहरू सहभागी भएका थिए। छलफलका क्रममा सरकारी संयन्त्रसँगै निजी क्षेत्रको साझेदारी अत्यन्तै महत्त्वपूर्ण रहेकोमा जोड दिइयो। हालै टिकटकमा आबद्ध भएका ग्लोबल एन्टी-स्क्याम एलायन्सका एसिया-प्यासिफिक निर्देशक ब्रायन हान्लीले भन्नुभयो, “सबै प्रमुख सरोकारवाला एउटै टेबलमा नआएसम्म आपराधिक सञ्जालसँग प्रभावकारी रूपमा लड्न सकिँदैन।”


उहाँका अनुसार घोटालाहरूले अन्तर्राष्ट्रिय सीमामात्र नभई, बैंक, दूरसञ्चार कम्पनी र सामाजिक सञ्जालजस्ता विभिन्न प्लेटफर्मबीचका कमजोरी पनि दुरुपयोग गरिरहेका छन् । उहाँले आशा व्यक्त गर्दै भन्नुभयो, “आज टिकटक सहभागी भएको छ, भोलि अरू सबै पनि सामेल हुनेछन् भन्ने अपेक्षा छ, किनकि यसले उपभोक्ताको विश्वास र व्यवसाय दुवैलाई असर गरिरहेको छ।”

हालै म्यान्मामा घोटाला केन्द्रहरूमा गरिएको छापा, थाइल्यान्डमा पीडितहरूको उद्धार तथा कम्बोडियामा जबर्जस्ती घोटाला काममा लगाइएका एक दक्षिण कोरियाली विद्यार्थीको मृत्युजस्ता घटनाले क्षेत्रीय स्तरमा कडा कदम चाल्नुपर्ने दबाब बढाएको छ। कम्बोडिया घोटाला कम्पाउन्डको केन्द्र मानिए पनि हाल दुई देशबीचको तनावका कारण सो देश सम्मेलनमा सहभागी थिएन।

यसअघि पनि दक्षिणपूर्वी एसियाली राष्ट्र सङ्घ (आसियान) का सदस्यहरूले अनलाइन घोटालाविरुद्ध सहकार्य गर्ने प्रतिबद्धता जनाइसकेका छन् । साथै, साइबर अपराधविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिमा अक्टोबरमा भियतनाममा ७० भन्दा बढी देशले हस्ताक्षर गरेका थिए।

**नक्कली लगानी योजना र झुटा प्रेम सम्बन्धको प्रयोग गरी पैसा ठग्ने स्क्याम सेन्टरहरू दक्षिणपूर्व एसियाका विभिन्न देशमा फैलिएका छन् ।**

# आइएस-के का वरिष्ठ नेता पक्राउ



एएफपी

इस्लामाबाद । पाकिस्तानले इस्लामिक स्टेट जिहादी समूहको क्षेत्रीय शाखा इस्लामिक स्टेट खोरासान (आइएस-के) का एक वरिष्ठ नेतालाई पक्राउ गरेको जनाएको छ। संयुक्त राष्ट्रसङ्घको प्रतिबन्ध अनुगमन समूहको प्रतिवेदन सार्वजनिक भएपछि एक वरिष्ठ पाकिस्तानी गुप्तचर अधिकारीले शुक्रबार यसबारे जानकारी दिएका हुन्।

संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा नोभेम्बरमा पेस गरिएको प्रतिबन्ध अनुगमन समितिको प्रतिवेदनअनुसार आइएस-के का प्रवक्ताका रूपमा पनि काम गरेका सुल्तान अजिज आजमलाई गत मे १६ तारिखमा पक्राउ गरिएको थियो। ती अधिकारीका अनुसार आजम प्रवक्ता मात्र नभई यस क्षेत्रका आइएस-के का शीर्ष नेतामध्ये एक मानिन्थे।

ती अधिकारीले भने, “आजमको भूमिका अत्यन्तै महत्त्वपूर्ण थियो, त्यसैले पक्राउपछिको सोधपुछ र अनुसन्धानलाई ध्यानमा राख्दै तत्काल सार्वजनिक गरिएको थिएन । यसले आतङ्कवादविरोधी कारबाहीमा नकारात्मक असर पर्न सक्थ्यो ।” गुप्तचर अधिकारी तथा संयुक्त राष्ट्रसङ्घीय प्रतिवेदनले आजम कुन देशमा पक्राउ परेका थिए भन्ने विषय भने स्पष्ट गरेको छैन।

आइएस-के ले पछिल्ला वर्षहरूमा अफगानिस्तान, पाकिस्तान तथा अन्य केही मुलुकमा भएका सबैभन्दा भयावह आक्रमणहरूको जिम्मेवारी लिँदै आएको छ । तीमध्ये धेरै आक्रमणमा सर्वसाधारणलाई नै निशाना बनाइएको छ । सन् २०२४ को मार्चमा समूहका बन्दुकधारीहरूले मस्कोस्थित एक कन्सर्ट हलमा आक्रमण गर्दा १४० भन्दा बढी व्यक्तिको ज्यान गएको थियो । त्यसैगरी, सन् २०२१ मा तालिबान पुनः सत्तामा आएपछि अफगानिस्तान र पाकिस्तान दुवैमा आइएस-केको शृङ्खलाबद्ध घातक आक्रमण जारी रहेका छन्।

तालिबान अधिकारीहरूले सुरक्षा आफ्नो सर्वोच्च प्राथमिकता भएको दाबी गर्दै आइएस-के तथा अन्य आतङ्कवादी समूहहरूविरुद्ध कडा कारबाही गर्ने प्रतिबद्धता जनाउँदै आएका छन् । तर पाकिस्तानले भने अफगानिस्तानको भूमि आतङ्कवादी समूहहरूलाई शरण दिन प्रयोग भइरहेको आरोप लगाउँदै आएको छ । पछिल्ला महिनाहरूमा सीमा क्षेत्रमा भएका घातक झडपका कारण दुई देशबीचको सम्बन्ध थप तनावपूर्ण बनेको छ । इस्लामाबादले आतङ्कवादी सञ्जालहरूविरुद्ध सीमा क्षेत्रमा सघन कारबाही अघि बढाएको जनाएको छ। सुरक्षा स्रोतहरूका अनुसार अक्टोबरमा अफगान भूभागमा गरिएको हवाई आक्रमण पाकिस्तानी तालिबानलाई लक्षित थियो। संयुक्त राष्ट्रसङ्घीय प्रतिवेदनले अफगान तालिबान र पाकिस्तान दुवैको कारबाहीका कारण आइएस-के को क्षमतामा क्षति पुगेको उल्लेख गरेको छ।

प्रतिवेदनमा भनिएको छ, “समग्रमा, अफगान वास्तविक अधिकारीहरू र पाकिस्तानद्वारा गरिएकाआतङ्कवादविरोधीप्रयासका कारण आइएसआइएल-के को क्षमता कमजोर बनेको छ ।” यद्यपि, समूह अझै लचिलो रहेको र अफगानिस्तानको उत्तर तथा पूर्वी क्षेत्रमा यसको लुकेका अखडाहरू पूर्ण रूपमा समाप्त नभएको प्रतिवेदनले जनाएको छ । अनुमानअनुसार आइएस-के सँग करिब दुई हजार लडाकू सक्रिय छन् । संयुक्त राष्ट्रसङ्घका अनुसार समूहका नेताहरूले क्षमता विस्तार गर्ने र अफगान सीमा बाहिर पनि आक्रमण गर्न सक्ने उद्देश्यले स्लीपर सेलहरूको सञ्जाल विस्तार तथा भर्ती अभियान तीव्र पारेका छन् । अमेरिकास्थित थिङ्क-ट्याङ्क जेम्सटाउन फाउन्डेसनका अनुसार सुल्तान अजिज आजम अफगानिस्तानको पूर्वी नङ्गरहार प्रान्तका हुन्, जुन पाकिस्तानको सिमानासँग जोडिएको आइएस-केको गढ मानिन्छ ।फाउन्डेसनका अनुसार आजम एक कवि र लेखकका रूपमा पनि चिनिन्थे र सन् २०१५ मा आइएस-के मा सामेल हुनुअघि उनका लेखन सामग्री फेसबुकजस्ता सामाजिक सञ्जालमार्फत सार्वजनिक हुने गरेका थिए।

**“आजमको भूमिका अत्यन्तै महत्वपूर्ण थियो, त्यसैले पक्राउपछिको सोधपुछ र अनुसन्धानलाई ध्यानमा राख्दै तत्काल सार्वजनिक गरिएको थिएन । यसले आतङ्कवादविरोधी कारबाहीमा नकारात्मक असर पर्न सक्थ्यो ।”**

●●●


# पाकिस्तानद्वारा भारतमाथि “पानीलाई हतियार बनाएको” आरोप

एजेन्सी

इस्लामाबाद। पाकिस्तानले छिमेकी भारतले चेतावनी नदिई भारतीय बाँधबाट पानी छोड्दै ‘पानीलाई हतियार’का रूपमा प्रयोग गरेको गम्भीर आरोप लगाएको छ। उपप्रधानमन्त्री तथा विदेशमन्त्री इशाक दारले शुक्रबार यस्तो कदमले विश्व बैंकको मध्यस्थतामा सन् १९६० मा भएको सिन्धु जल सन्धिको उल्लङ्घन गरेको र यसले क्षेत्रीय शान्ति तथा स्थिरतालाई गम्भीर खतरा पुर्‍याएको बताउनुभयो।

पाकिस्तानको विदेश मन्त्रालयले चेनाब नदीबाट अनियमित रूपमा पानी छोडिएको विषयमा स्पष्टीकरण माग्दै नयाँदिल्लीलाई पत्र लेखेको एक दिनपछि दारको यो प्रतिक्रिया आएको हो। उहाँका अनुसार भारतले पाकिस्तानको कृषि चक्रको अत्यन्त संवेदनशील समयमा पानीको प्रवाहमा हेरफेर गरिरहेको छ, जसले किसानको जीविकोपार्जन मात्र नभई, देशको खाद्य तथा आर्थिक सुरक्षालाई समेत जोखिममा पारेको छ। चेनाब नदीबाट हालै भएको अनियमित पानी छोडाइ यसै हप्ता पत्ता लागेको उहाँले जानकारी दिनुभयो।

दारले यस्तो कार्यलाई अवैध र गैरजिम्मेवारपूर्ण भन्दै यसबाट पाकिस्तानमा मानवीय सङ्कट सिर्जना हुन सक्ने चेतावनी दिनुभयो। पाकिस्तान र भारतबीचको सम्बन्ध ऐतिहासिक रूपमा तनावपूर्ण रहँदै आएको छ। सन् १९४७ मा ब्रिटिस औपनिवेशिक



शासनबाट स्वतन्त्रता प्राप्त गरेयता दुवै देशबीच दुई पटक युद्ध भइसकेका छन्।

यस विषयमा भारत सरकारको तर्फबाट तत्काल कुनै आधिकारिक प्रतिक्रिया आएको छैन। यसअघि सेप्टेम्बर महिनामा पनि यस्तै कदमका कारण बाढीको अवस्था झनै बिग्रिएको र पूर्वी पाकिस्तानका सयौँ गाउँ ध्वस्त भएको अधिकारीहरूले बताएका थिए। त्यतिबेला भारतले मनसुनजन्य वर्षासँगै सम्भावित बाढीबारे पाकिस्तानलाई सचेत गराएको दाबी गरेको थियो ।काश्मीर क्षेत्र भारत र पाकिस्तानबीच विभाजित छ र दुवै देशले यसमाथि पूर्ण दाबी गर्दै आएका छन्। विश्व बैंकको मध्यस्थतामा भएको सिन्धु जल सन्धिले दुवै देशका लागि जीवनरेखा मानिने नदी प्रणालीको पानी बाँडफाँटको व्यवस्था गरेको छ। यो सन्धि सन् १९६५ र १९७१ का युद्ध तथा सन् १९९९ को प्रमुख सीमा झडपका बाबजुद पनि कायम रहँदै आएको छ।

सन्धिअनुसार भारतको नियन्त्रणमा पूर्वी नदीहरू रावी, सतलज र ब्यास पर्छन् भने पाकिस्तानको नियन्त्रणमा पश्चिमी नदीहरू झेलम, चेनाब र सिन्धु पर्छन्, जुन अधिकांश काश्मीर क्षेत्र हुँदै बग्छन्। तर भारतको नियन्त्रणमा रहेको काश्मीरमा २६ जना पर्यटक मारिएको घटनापछि भारतले एकतर्फी रूपमा यो सन्धि स्थगित गर्दै अप्रिल महिनामा पाकिस्तानसँगको कूटनीतिक सम्बन्ध घटाएको थियो ।यस कदमपछि हप्तौँसम्म तनाव चर्कँदै गएको थियो र मे महिनामा दुवै देशबीच प्रतिशोधात्मक मिसाइल आक्रमणसम्मको अवस्था सिर्जना भएको थियो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्धविरामको मध्यस्थता गरेको घोषणा गरेपछि तनाव केही कम भए पनि त्यसयता दुवै पक्षले सम्बन्ध सामान्य बनाउने ठोस पहल गरेका छैनन्।

कूटनीतिज्ञहरूलाई सम्बोधन गर्दै दारले स्पष्ट शब्दमा भन्नुभयो, “पानी जीवन हो, यसलाई हतियार बनाउन सकिँदैन।” उहाँले पाकिस्तानले यस विषयमा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस र महासभाका अध्यक्षलाई समेत जानकारी गराइसकेको र स्थितिलाई सम्बोधन गर्न सक्रिय भूमिका खेल्न आग्रह गरिएको जानकारी दिनुभयो।

## धवलागिरिवासीको गुनासो :

# ‘हरियाली वनपाखा र हराभरा बगैँचा धुलाम्मे भए’

म्याग्दी । धवलागिरि गाउँपालिकामा निर्माणाधीन जलविद्युत् आयोजनाहरूको निर्माणस्थलमा उड्ने धुलोले वायु प्रदूषण भएको छ । निर्माणस्थलमा चलाइएका डोजरले पाखोमा फाल्ने माटो र मालवाहक सवारीसाधनले उडाउने धुलोका कारण सडकमा हिँडडुल, घाँसदाउरा गर्न समस्या र गाईवस्तुको चरन तथा आहारा घाँसपात नष्ट भएको हो ।

मुदी, खिवाङ, बगर, खाम्ला, बास्बोट, सोलवाङ, दर, फलीयागाउँ, खोरवाङ, कौछीनी, बाँसबोट, नाउराका बासिन्दा धुलोले आजित भएका हुन् । धवलागिरि गाउँपालिका-४ छहरीदेखि खारा हुँदै खाम्ला र वडा नं ३ दरदेखि सिम्वाङ हुँदै मुदी जोड्ने सडकमा धुलोले वायु प्रदूषण बनाएको स्थानीयले गुनासो गरेका छन् । मुना-दर-मुदी सडकको सिम्वाङ क्षेत्रमा दरखोला जलविद्युत् आयोजनाको पाइप लाइन निर्माणका लागि डोजर परिचालन गरेर सडकको भित्ता काट्ने काम भइरहेको छ ।

छहरी-खारा-खाम्ला खण्डको सडकमा अपर म्याग्दी, अपर म्याग्दी-१, म्याग्दीखोलालगायत जलविद्युत् आयोजनाका निर्माण सामग्री र उपकरण बोकेका ट्रक, टिपरलगायत मालवाहक सवारीसाधन ओहोरदोहोर गर्छन् । धवलागिरि गाउँपालिका-४ खिवाङका बासिन्दा लीलबहादुर घर्तीले सडकको धुलोले खेतीबाली र मानिसको स्वास्थ्यमा असर पारेको गुनासो गर्नुभयो । “विकासका आयोजना भित्रिएकामा खुसी भएका हामी हरियाली वनपाखा र हराभरा बगैँचा धुलाम्मे हुँदा दुःखी छौँ”, उहाँले भन्नुभयो, “विकास होस तर विपद् र वातावरण विनास नहोस् भन्ने हाम्रो अपेक्षा हो ।”




खाराका ज्ञानबहादुर पुनले गाईवस्तुलाई खुवाउने घाँस, फलफूल र तरकारीको पातैभरि धुलो थुप्रिएर उपभोग गर्न नसकिने भएको बताउनुभयो । “बगैँचा, खेतबारी र घाँसदाउराका लागि घरबाहिर गएर आउँदा शरीरभरि धुलैधुलो भएर नुहाउनुपर्छ”, उहाँले भन्नुभयो, “सुकाएका कपडामा पनि धुलो टाँसिएर फोहर हुन्छ । पानीको स्रोत पनि धुलोले दूषित बनाएको छ । खकार र सिगानमा पनि धुलो मिसिएको आउन थालेको छ ।”

खाम्लाका बासिन्दा केशरमान पुनले गाडीभित्र सिसा थुन्दा उकुसमुकुस हुने र झ्याल खोले सबै भित्र पसेर धुलाम्मे भइने बताउनुभयो । “मोटरसाइकल र गाडीको पछाडि बसेर यात्रा गर्नेको धुलोले अनुहार पनि नचिनिने अवस्था हुन्छ”, उहाँले भन्नुभयो, “जलविद्युत् आयोजनाले धुलो मार्नका लागि सडकमा पानी नहालेका कारण वायु प्रदूषण बढेको हो ।”

जलविद्युत् आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएको धुलो र प्रदूषण नियन्त्रण गर्ने प्रतिबद्धता कार्यान्वयन नगरेकाले सचेत बनाएको धवलागिरि गाउँपालिका-४ का वडाध्यक्ष यामबहादुर घर्तीले बताउनुभयो । कात्तिक दोस्रो सातादेखि अकाशबाट वर्षा नभएकाले मौसम सुक्खा छ । अपर म्याग्दी-१ जलविद्युत् आयोजनाले मालिका गाउँपालिका-७ भारवाङमा निर्माणाधीन विद्युत्गृहदेखि छहरीस्थित अडिटसम्म हरेक दिन बिहान र बेलुकी ट्याङ्करबाट सडकमा पानी हालेर धुलो मार्दै आएको छ । खाम्लादेखि बाँध निर्माणस्थलसम्म पनि ट्याङ्करले सडकमा पानी हालेको छ ।

अपर म्याग्दी जलविद्युत् आयोजनाले घिम्लेटीमा निर्माणाधीन विद्युतगृहदेखि नाउरा हुँदै चेचुङको फेदीमा रहेको अडिटसम्मको सडकमा पानी हालेर धुलो मारेको छ । नाउरादेखि अपर म्याग्दीको बाँध र बगरदेखि माथिको सडकमा पनि धुलो मार्नका लागि सम्बद्ध आयोजनालाई सचेत बनाएको धवलागिरि गाउँपालिका-४ का वडासदस्य हरिप्रसाद तिलिजाले बताउनुभयो ।

अपर म्याग्दी-१ जलविद्युत् आयोजनाका प्रमुख ज्योतिकुमार केसीले छहरी-खारा-खाम्ला सडक स्तरोन्नतिको जिम्मा लिएको सहायक ठेकेदारले समयमा काम नगरिदिँदा धुलो नियन्त्रण गर्न नपाएको बताउनुभयो । “हाम्रो सिभिल ठेकेदार लुना विल्डर्समार्फत जिम्मा लिएका स्थानीय सबकन्ट्र्याक्टरले सडकमा नाली, पर्खाल बनाउन र सोलिङ गर्न ढिलाइ गर्नुभएको छ”, उहाँले भन्नुभयो, “सब कन्ट्र्याक्टरले छिटो काम सकिदियो भने धुलो नियन्त्रण र थप काम लगाउन हामीलाई सजिलो हुने थियो ।”

लुना विल्डर्सको सहायक ठेकेदार चोचाङ्गी पुन कन्ट्रक्सनका सञ्चालकसमेत रहेका मुदीका बासिन्दा दलमान पुनले आफ्नो जिम्मेवारी सडकको संरचना बनाउने भएको र धुलो मार्ने काम आयोजनाकै भएको तर्क गर्नुभयो । “नाउरादेखि खाम्ला-कल्लेनी क्षेत्रमा ग्याबियन, नाली, मेसिनरी पर्खाल र सोलिङको काम गर्नेमात्रै मेरो जिम्मेवारी हो”, उहाँले भन्नुभयो, “धुलोका कारण मजदुरलाई काम गराउन मलाई पनि समस्या भएको छ ।”

अपर म्याग्दी जलविद्युत् आयोजनाका प्रमुख रमेश सुवेदीले आफ्नो आयोजना क्षेत्रमा धुलो नियन्त्रण गरेको र नाउरादेखि बगर जोड्ने सडकमा म्याग्दीखोला जलविद्युत् आयोजनासँग साझेदारी गरेर प्रदूषण नियन्त्रणको काम गरिने बताउनुभयो ।रासस


# दोहोरो कर प्रक्रियाले व्यावसायिक किसान मारमा

भोजपुर । फार्म दर्ता गरी व्यावसायिक रूपमा कृषि व्यवसायमा संलग्न भोजपुरका किसान दोहोरो तथा बहुकर प्रक्रियाका कारण समस्यामा परेका छन् । गाउँघरमै कृषि उद्यममा जोडिएका किसानले एउटै प्रकृतिको फार्मका लागि विभिन्न निकायमा छुट्टाछुट्टै शुल्क तिर्नुपर्दा आर्थिक भार बढेको गुनासो गरेका छन् ।

स्थानीय किसानका अनुसार कृषि फार्म दर्ता तथा नवीकरणका लागि वडा कार्यालय, गाउँपालिका वा नगरपालिका, घरेलु तथा साना उद्योग कार्यालय र करदाता सेवा कार्यालयमा अलगअलग शुल्क बुझाउनुपर्ने अवस्था छ । एउटै फार्मका लागि पटकपटक कर हजार १०० देखि माथि कर लिने गरेको छ । करदाता सेवा कार्यालयले गाउँपालिकामा भए रु दुई हजार पाँच सय र नगरपालिकामा दर्ता भएको अवस्थामा रु चार हजार वार्षिक रूपमा तिर्नुपर्ने बाध्यात्मक अवस्था रहेको भोजपुर-७ का दुग्ध व्यवसायी रमेश कार्कीले बताउनुभयो ।

“एउटै प्रकृतिको कृषि फार्म तथा उद्योगमा राज्यका विभिन्न निकायमा छुट्टाछुट्टै शुल्क तिर्नुपर्दा किसान मारमा परेका छन्”, उहाँले भन्नुभयो, “एउटै निकायबाट शुल्क लिएपछि अन्य निकायले कर लिनु नपर्ने व्यवस्था गरिनुपर्छ ।”

किसानलाई करको दायरा ल्याउने खोजेपछि झन्झटिलो कर प्रक्रियाका कारण दूरदराजका




तिर्नुपर्दा किसान हतोत्साहित बन्न थालेका छन् । स्थानीय तहहरूले व्यवसायको प्रकृतिका आधारमा आफ्नो कार्यपालिकाको निर्णयअनुसार उद्योग तथा फार्म सञ्चालन गरेबापत कर लिने गरेका छन् । त्योसँगै उद्योग घरेलु तथा साना उद्योग कार्यालयले लगानी पुँजीका आधारमा न्यूनतम रु दुई नागरिकलाई समस्या रहेको उहाँको भनाइ छ । स्थानीयस्तरमा मात्र कर बुझाउने व्यवस्था भए धैरै नागरिकलाई राहत पुग्ने उहाँले बताउनुभयो । दोहोरो कर प्रणालीका कारण स्थानीय मारमा परेको भोजपुर नगरपालिका-५ बोखिमका वडाध्यक्ष फविन्द्र प्रधानले बताउनुभयो ।रासस

# पर्यटकीय गन्तव्यका रुपमा विकास हुँदै चाङ्गा

म्याग्दी । प्राकृतिक सौन्दर्यले भरिपूर्ण मङ्गला गाउँपालिका-५ अर्मनको चाङ्गाधुरी पर्यटकीय गन्तव्यका रुपमा विकास हुन थालेको छ ।

समुद्री सतहदेखि दुई हजार २०० मिटर उचाइमा रहेको चाङ्गामा सडक यातायातको पहुँच, खानेपानी र केन्द्रीय विद्युतीकरणको सुविधा विस्तारसँगै प्रचारप्रसारका कारण आन्तरिक पर्यटकको आगमन बढ्न थालेको छ । चाङ्गाखर्कबाट धौलागिरि र अन्नपूर्ण रेञ्जका करिब एक दर्जन हिमालको मनमोहक दृष्यावलोकन गर्न सकिन्छ ।

पहिलो पटक चाङ्गा क्षेत्रको भ्रमणमा पुग्नुभएका बेनीका विनोद धौलागिरिले चाङ्गाबाट देखिने प्राकृतिक सौन्दर्यसँगै ग्रामीण जीवनशैलीले आफूलाई लोभ्याएको बताउनुभयो । उहाँले स्थानीयले गर्ने परम्परागत कृषि र पशुजन्य उत्पादनलाई पर्यटनसँग जोड्नसकेमा पर्यटन प्रवर्द्धनमार्फत स्थानीयको जनजीवनमा परिवर्तन ल्याउन



सकिने बताउनुभयो । चाङ्गा प्रकृति, जीवनशैली र संस्कृतिको सङ्गम मानिन्छ ।

यहाँबाट चुरेन, सीता, गुर्जा, मानापाथी, धौलागिरि, नीलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे र धम्पुस पिक हिमालका दन्तेलहर दृष्यले पर्यटकलाई लोभ्याउने गरेको छ । चाङ्गा क्षेत्रको भ्रमणमा समूहमा पुग्ने पर्यटकलाई स्थानीयले मौलिक भजनकृतन र नाचगान गरेर कला संस्कृतिमा रमाउन पाउने प्रबन्धसमेत मिलाइएको छ । पर्यटन सम्भावनाले भरिपूर्ण रहे पनि ओझेलमा परेका कारण गाउँपालिका र वडामार्फत पूर्वाधार निर्माण तथा प्रचार प्रसारको काम अघि बढाइएको मङ्गला-५ का वडाध्यक्ष भूपेन्द्र खत्रीले बताउनुभयो ।

उहाँका अनुसार चाङ्गा खर्कमा वनभोजस्थल चाङ्गा नजिकै रहेको चुलीको धुरीमा पार्क बनाउने तयारी गरिएको छ । गुराँसे जङ्गलमा झाडी फडानी गरेर लालीगुराँसको संरक्षण गरी पर्यटकीय आकर्षण बढाउने योजना बनाइएको छ । “स्थानीयवासी र पर्यटकको सुविधाका लागि शुद्ध खानेपानी र केन्द्रीय विद्युतीकरण विस्तार भएको छ, चाङ्गा खर्कको पाखोबारीमा चिया बगान बनाउने तयारीमा जुटेका छौँ, चाङ्गामा घरबास सञ्चालन गरेर पर्यटकको बसाइलाई आरामदायी बनाउने सोचमा छौँ”, वडाध्यक्ष खत्रीले भन्नुभयो ।

अहिले हिउँदयाममा वनभोज र घुमघामका लागि सवारीसाधन हुँदै आन्तरिक पर्यटक यस क्षेत्रमा पुग्ने गरेका छन् । विभिन्न सङ्घसंस्थाले आफ्नो साधारणसभा तथा बैठकसमेत यस क्षेत्रमा आयोजना गर्ने परम्पराको सुरुआत भएको छ । गाउँपालिकाको केन्द्र बाबियाचौरबाट पीपलबोट, पाखु, धारा, सिर्कुम, टीकाबाङ हुँदै एक घण्टा ३० मिनेटको सवारी यात्रा गरेपछि चाङ्गा पुग्न सकिन्छ । बाबियाचौरबाट छिसबाङ, टीकाबाङ, सिरकुम हुँदै चाङ्गा पुग्न सकिने वैकल्पिक बाटो रहेको छ भने चाङ्गाबाट मङ्गला र बागलुङको ताराखोला गाउँपालिकाको सिमानामा पर्ने धार्मिक पर्यटकीयस्थल तिनचुले जाने पदमार्ग जोडिएको छ ।

मङ्गला गाउँपालिकाभित्र रहेका पर्यटकीय गन्तव्यको पहिचान, प्रचारप्रसार र प्रवर्द्धनका लागि गाउँपालिकाले पहल थालेको अध्यक्ष शतप्रसाद रोकाले बताउनुभयो । उहाँले चाङ्गाबाट देखिने प्राकृतिक सौन्दर्यताले आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन सकिने सम्भावना रहेकाले यहाँको पर्यटन विकासमा जोड दिइएको बताउनुभयो ।

चाङ्गामा १७ घरधुरीको बसोबास छ। यहाँ परम्परागत रुपमा कोदो, मकै, फापर, तोरीलगायत अन्नबालीसँगै आलु, मुला, सिमी, भटमास, सागलगायतका तरकारीखेतीसमेत हुने गर्छ। परम्परागत रुपमा गाईभैँसी र भेडाबाख्रा पालन हुने यस ठाउँको भ्रमणमा पुग्ने पर्यटकले ग्रामीण र परम्परागत जीवनशैलीको अध्ययन अवलोकनसँगै स्थानीय उत्पादनको स्वाद लिन पाउने सुविधा रहेको छ। शान्त र एकान्त वातावरणमा रमाउन चाहने आन्तरिक पर्यटक यस क्षेत्रमा पुग्ने गरेका छन् । प्राकृतिक सौन्दर्यता र पर्यावरणका कारण यस क्षेत्रमा आन्तरिकसँगै बाह्यपर्यटकको आगमन बढाउन सकिने सम्भावना रहेको धौलागिरि पर्यटन परिषद्का अध्यक्ष अमर बानियाँले बताउनुभयो ।

उहाँले चाङ्गालाई केन्द्रित गरेर गाउँपालिकाभित्रका पर्यटकीयस्थल चिनाकोटधुरी, झाँक्रीपानी, तिनचुले, हुँदै चाङ्गा आउने र यहाँबाट मालिका गाउँपालिकाको निस्कोट बराहताल हुँदै रुम दुरलेक जोड्ने गरी ट्रेकिङ ट्रेल बनाउन आवश्यक रहेको बताउनुभयो । मनोरम हिमाल र ग्रामीण भू-वनोटको दृष्यसँगै जडीबुटी, वन पैदावार, वन्यजन्तु र पक्षीको अवलोकन गर्न पाउनु यस क्षेत्रको थप विशेषता रहेको छ ।रासस

# सिद्धार्थ बैंक र नेपाल सोशल बिजनेस बीच युवा उद्यमशीलता प्रवर्द्धनका लागि सहकार्य

**टुडे समाचारदाता**

काठमाण्डु । सिद्धार्थ बैंकले कृषि, सौर्य ऊर्जा तथा स्वस्थ घरेलु-आधारित खाद्य समाधानका क्षेत्रमा क्रियाशील युवा महिला उद्यमीहरूलाई समर्थन गर्ने उद्देश्यका साथ नेपाल सोशल बिजनेस सँग सहकार्य गरेको छ ।

नेपाल सोशल बिजनेससँग हातेमालो गर्दै सामाजिक प्रभाव युक्त उद्यमशील यात्रामा सहकार्य गर्न पाएकोमा खुसी व्यक्त गर्दै सिद्धार्थ बैंकका प्रमुखमा केँटिङ्ग अधिकृत सुरेशराज महर्जनले यस सहकार्यले नेपालमा उद्यमशीलता प्रवर्द्धन तथा दिगो बिजनेसले हालसम्म देशभर २० भन्दा बढी सामाजिक उद्यमहरूलाई सहयोग गरी समावेशी आर्थिक वृद्धि र दिगो जीविकोपार्जनमा योगदान पुर्याउँदै आएको जानकारी दिनु भएको थियो ।

यस्ता प्रभावमूलक उद्यमहरूको सशक्तिकरणले समावेशी, दिगो तथा सुदृढ राष्ट्रिय अर्थतन्त्र निर्माणमा महत्वपूर्ण योगदान पुर्याउने विश्वास बैंकले लिएको छ । प्रभावमुखी उद्यमीहरूलाई प्रवर्द्धन गर्दै उहाँहरूलाई विस्तार र सुदृढीकरण गर्न निरन्तर क्रियाशील रहँदै आएको नेपाल



आर्थिक विकासप्रतिको साझा प्रतिबद्धतालाई प्रतिबिम्बित गर्ने उल्लेख गर्नु भएको थियो । त्यसैगरी नेपाल सोशल बिजनेसका तर्फबाट निर्भाण चौधरीले रणनीतिक लगानी, मार्गदर्शन तथा दीर्घकालीन सहयोगमार्फत सामाजिक उद्यमलाई सशक्त बनाउने प्रतिबद्धता व्यक्त गर्दै एक दशकभन्दा बढी समयदेखि सक्रिय रहँदै आएको नेपाल सोशल सोशल बिजनेसको पहलतथा उद्देश्यप्रति समर्थन जनाउँदै सिद्धार्थ बैंक लिमिटेडले उद्देश्य-केन्द्रित उद्यमहरूको सशक्तिकरणमार्फत समग्र देशको आर्थिक विकासमा योगदान पुर्याउने प्रतिबद्धताका साथ बैंकले आगामी दिनहरूमा पनि यस्ता सहकार्यलाई निरन्तरता दिन बैंक सधैं सकारात्मक रहेको छ ।

# ग्लोकल आफ्टर स्कूलद्वारा 'स्किल वीक २०२६' घोषणा: सीप

**टुडे समाचारदाता**

काठमाण्डु । ग्लोकल आफ्ट स्कूललेसीपविकास,सिर्जनशीलता र युवा सशक्तीकरणलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ साताव्यापी कार्यक्रम'स्किल वीक २०२६'को घोषणा गरेको छ । आगामी जनवरी ११ देखि १९, २०२६ सम्म आयोजना हुने यस कार्यक्रममा विभिन्न कार्यशालाहरू, प्रयोगात्मक सिकाइ, प्रतियोगिताहरू, प्रदर्शनी र युवा केन्द्रित कार्यक्रमहरू सञ्चालन गरिनेछन् । कार्यक्रमको मुख्य आकर्षण जनवरी १६ मा हुने 'फेस्ट डे' र जनवरी १९ मा हुने 'समापन समारोह' रहनेछ ।

ग्लोकल आफ्ट स्कूलको प्रख्यात सीप-आधारित पारिस्थितिक प्रणालीबाट प्रेरित यो कार्यक्रम 'घटना, सिर्जनशीलता, सीप, प्रेरणा र अन्तर्दृष्टिले भरिएको एक साता' हो । यसको मुख्य उद्देश्य युवाहरूलाई शिक्षासँगै मनोरञ्जनको मिश्रण गरी आवश्यक जीवन उपयोगी र व्यावसायिक सीपहरू सिक्न र विकास गर्न प्रोत्साहित गर्नु हो ।

आफैले आफैबसेर गरिने अभ्यासदेखि अन्तर्क्रियात्मक सत्रहरूसम्म, स्किल वीकले युवा, शिक्षक, पेशेवर र संस्थाहरूलाई सीपको महत्त्व मनाउन एउटै साझा मञ्च प्रदान गर्दछ ।

कार्यक्रम अन्तरगत जनवरी ११-१५ःनेतृत्व, प्रविधि,




सिर्जनशीलता, सञ्चार, र उद्यमशीलता जस्ता विभिन्न विधामा कार्यशाला, मास्टरक्लास, प्रतियोगिता र अन्तर्क्रियात्मक सिकाइ सत्रहरू,जनवरी १६ - फेस्ट डे : स्किल वीकको मुख्य आकर्षण! यस दिन सीप प्रदर्शनी, प्रत्यक्ष प्रदर्शन, साङ्गीतिक प्रस्तुति, नेटवर्किङ स्पेस, युवा प्रतिभा प्रदर्शन, खेल र विभिन्न स्टलहरू रहनेछन् ।

त्यसैगरी यसै दिन'युसिइओ अनपल्ग्ड'फोरम पनि आयोजना गरिनेछ, जहाँ 'आज र भोलिको संगम'भन्ने नाराका साथ उद्यमी, व्यवसायी र विद्यार्थीहरूबीच समसामयिक व्यावसायिक चुनौती र भविष्यका सम्भावनाबारे छलफल हुनेछ ।

त्यस्तै जनवरी १७-१८ःउद्योग र शिक्षा क्षेत्रबीचको अन्तर्क्रियार 'नेशनल बिजनेस केस स्टडी' प्रतियोगिताको फाइनल। र जनवरी १९ - समापन समारोहःसाताभरिका उपलब्धि र सिकाइको समीक्षा गर्दै भविष्यका मार्गचित्रबारे चर्चा गरिनेछ। यसै अवसरमा'स्किल हिरो अवाड्र्स'प्रदान गरिनेछ, जसले कला र संस्कृति, पर्यटन र आतिथ्य, विज्ञान र प्रविधि, र उद्यमशीलता क्षेत्रमा असाधारण योगदान पुऱ्याउने व्यक्तिहरूलाई सम्मानित गर्नेछ।

स्किल वीक २०२६ ले परम्परागत शिक्षा र व्यावहारिक सीपबीचको खाडललाई कम गर्ने लक्ष्य राखेको छ। ग्लोकल आफ्ट स्कूलका अध्यक्षश्री आशिष ठाकुरका अनुसार, “स्किल वीक एउटा कार्यक्रम मात्र नभई एक अभियान हो। हाम्रो लक्ष्य युवाहरूले सिक्ने, प्रयोग गर्ने, र आफ्नो क्षमतालाई विश्वसामु उजागर गर्ने ठाउँ सिर्जना गर्नु हो।“

ग्लोकल आफ्ट स्कूल एक अग्रणी सिकाइ प्लेटफर्म हो जसले सीपमा आधारित शिक्षा, तालिम र प्रयोगात्मक सिकाइमार्फत युवाहरूको क्षमता अभिवृद्धि गर्ने काम गरिरहेको छ।

यस वर्षको 'स्किल वीक' एम्बार्क कलेज द्वारा सञ्चालित रहेको छ। कार्यक्रमका रणनीतिक साझेदारहरूमा भारतीय दूतावास, युरोपेली संघ, र अष्ट्रेलियाली सरकार रहेका छन्। अन्य साझेदार हरूमा होन्डा, इन्स्योर, बायोस्फेयर ग्लोबल, मेरोजब, अग्रिमा एकेडेमी, नेपाल एसबिआई बैंक (बैंकिङ पार्टनर), वर्ल्डलिंक (इन्टरनेट पार्टनर), यती एयरलाइन्स (एयरलाइन पार्टनर), द काठमाडौं पोस्ट र प्रिज्मा एड्भरटाइजिङ (मिडिया पार्टनर) रहेका छन् ।

## जिल्ला धनुषा माचिझिटकैया गा.वि.स. वडा न. ६ हाल कमला नगरपालिका वडा न. ३ मा बस्ने बिष्णुदेव यादवको छोरा बर्ष ४१ को सन्तोष कुमार यादवको नाउँमा बक्यौता बहाल बुझाउनआउनु भनि जारि गरेको ३५ दिने सूचना

म जग्गा धनी चन्देश्वर प्रसाद साह को नाउँमा दर्ता रहेको जिल्ला धनुषा जनकपुरधाम उपमहानगरपालिका वडा नं १४ सिट नं १३७५ - १३ किता नं १२२ को क्षेत्रफल २-२-२-० जग्गामा गिट्टी बालुवा राख्नका लागि तपाई जिल्ला धनुषा माचीझिटकैया गा. वि. स. वडा नं ६ हाल कमला नगरपालिका वडा नं ३ मा बस्ने विष्णुदेव यादवको छोरा बर्ष ४१ को सन्तोष कुमार यादव लाई बार्षिक रु. २,००,०००/- (दुई लाख) प्रति बर्ष १०% बढ्ने गरि का दरले बहाल बुझाउने शर्तमा मिति २०७३ साल माघ १ गते देखि जग्गा बहालमा लिनु भएकोमा तपाईंले सो जग्गा पुष महिना पछि २०८० साल मा खालि गरि दिएको तर पछिल्लो बक्यौता भाडा २०७८ माघ देखि २०८० पुष सम्मको जम्मा रु.६,७६,४१४। (३,२२,१०२/- + ३,५४,३१२/-) को वक्यौता रकम यो सुचना जारि भएको मितिले ३५ दिन भित्र बुझाई दिनु होला! आलटाल गर्नु भएको खण्डमा तपाईं उपर प्रचलित कानून बमोजिमको कारबाही गर्न बाध्य हुनेछु । ईति सम्वत् २०८२ साल पुष ५ गते सुभम्...

**सुचना जारि गर्ने**: जग्गाधनीचन्देश्वर प्रसाद साहको आधिकारिककृष्ण चन्द्र प्रसाद साह, जनकपुरधाम उपमहानगर पालिका - १४

## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा

### हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा गा.वि.स. धनुषा गोविन्दपुर वडा नं. ९ हाल धनुषाधाम न.पा. वडा नं. १ मा बस्ने रामजी साह सुडीको नाती पंचु साह सुडीको छोरा राम नारायण साह सुडीले मेरो काका सरजुग साहु सुडीको नाउँमा लगत कायम रहेको साविक मौजे मगुराढ अन्तर्गतको जग्गा सर्वे नापी हुँदा जि.ध.गा.वि.स. धनुषा गोविन्दपुर वडा नं.९ कि.नं.१८१ क्षेत्रफल ०-२-६ जग्गा निजकै नाउँमा नापनक्सा भई दर्ता गर्न छुट भएकोमा निज मरी उक्त जग्गा निजको भाई पंचु साहु सुडीको अंशभागमा परी पंचु साहु सुडीको छोराहरुको बीचमा अंशवण्डा हुँदा उक्त जग्गामध्ये उत्तरतर्फबाट ०-१-५ जग्गा म निवेदक राम नारायण साह सुडीको अंशभागमा परेकोले मेरो नाउँमा छुट जग्गा दर्ता दा.खा. गरी पाउँ भनी द.नं.११६२ मिति २०८२/०४/२१ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/०९/०४ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदकहरुको नाममा छुट जग्गा दर्ता दा.खा. गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दावी उजुर गर्न आउनु होला। सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | धनुषा गोबिन्दपुर | ९ | १८१ | ०-२-६ मध्ये उत्तरतर्फबाट ०-१-५ | जोताहाको महलमा पंच साहु सुडी जि. धनुषा पं. गोविन्दपुर वार्ड नं.९ र किसानको व्यहोरामा यो जग्गा जि.धनुषा पं. गोविन्दपुर वार्ड नं. ९ बस्ने मेरो भिन्न दाजु सरजुग साहु सुडीको नम्बरी हो नीज मरी मेरो भोग हुन आएको दा. खा. बाँकी द. |

# एमाले महाधिवेशनमा हिरासबाट पनि मतदान




**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमालेको ११ औं राष्ट्रिय महाधिवेशनमा नेतृत्व चयनका लागि भएको मतदानमा बलात्कार आरोपमा प्रहरी हिरासतमा रहेका महाधिवेशन प्रतिनिधि शिवशंकर साह 'हिरा' को नाममा पनि मतदान गरिएको छ।

नाबालिकामाथि सामूहिक बलात्कार गरेको आरोपमा मंसिर २३ गतेदेखि नै जिल्ला प्रहरी कार्यालय धनुषाको हिरासतमा अनुसन्धानको क्रममा रहेका एमाले महाधिवशेन प्रतिनिधि हिराको नाममा मतदान गरिएको पाइएको हो।

महाधिवेशन निर्वाचन समितिले मतदान नगरेको प्रतिनिधिहरुको सार्वजनिक गरेको विवरणमा ३६ जनाले मतदान गरेको छैन । ती विवरणमा ३६ जना मध्ये हिराको नाम छैन। विवरणमा उनको नाम नहुनुले उनको नाममा कसैले मत हालेको देखिन्छ । हिराको नाम भूगोल एवम् महाधिवेशन प्रतिनिधिबाट धनुषाबाट रहेको थियो।

सार्वजनिक गरिएको विवरण अनुसार मतदान नगर्नेहरुमा केन्द्रीय कमिटीबाट बसन्त नेम्वाङ, बालकृष्ण काउछामगर, ब्रिजेश गुप्ता, मुकुन्द न्यौपाने, राजकुमार गुप्ता र हरिबहादुर राजवंशी रहेको छन्।

यस्तै विभागबाट घनश्याम कोइराला, सन्जीव रोका, आयोगबाट, अशोक केसी, पोष्ट कुमार नेपाल, प्रदीप प्याकुरेल (सुशील), सरस्वती गौतम, सतिलाल राजवंशी, समिर नेपाल, रचना राजोपाध्याय रहेका छन्।

भूगोल एवम् महाधिवेशन प्रतिनिधिबाट मतदान गर्नेहरुमा अंशु आनन्द- पर्सा, कृष्णमाया भुजेल- झापा, राजेन्द्र प्रसाद यादव- पर्सा, राजेन्द्र अर्याल (गुल्मी), लक्ष्मी यादव- बारा, शत्रुधन प्रसाद सिंह- सिरहा, मनोज कुमार गुप्ता- पर्सा, विजय कापर- सप्तरी, जितेन्द्र चौधरी- महोत्तरी, तेजकुमार बिक, पल्वराज भट्ट (कन्चनपुर), तिलक रिजाल (दैलेख), गोमा नेपाली (कालीकोट), दानबहादुर बिक, बब्लु शिवाकोटी, रहेका छन्।

त्यस्तै प्रवासबाट अशिम कोइराला, बालुका बेलबासे, गिरिराज बेलबासे, मिना पोखरेल, दिनेश बास्तोला, सिर्जना नेपाली मतदान नगर्नेहरुको सूचीमा रहेका छन।

नाबालिक बलात्कार आरोपमा हिरासँगै उनका भाई मनोज साह, अमित ठाकुर र पिडीतका मामा संजय महासेठ पनि प्रहरी हिरासतमै अनुसन्धानको क्रममा रहेको छ। हिरालाई प्रहरीले भारतीय प्रहरीको सहयोगमा भारतको सीतामढीबाट प्रक्राउ गरी ल्याएको थियो।

# जो भोट दिनका लागी मात्र जन्मेका छन् ....



ब्लग :



श्यामसुन्दर शशि

नेपालको आधाभन्दा अधिक जनसंख्या मधेशमा बसोबास गर्छन् । मुसलमान, थारु, दुनुवार, राजवंशी, कोच आदि मधेशी मूलका नागरिकहरुको संख्या मुलुकको कुल जनसंख्याको झण्डै एक तिहाइ हो । राष्ट्रिय जनगणना २०७८ को तथ्यांकले देखाए अनुसार, २०६८ देखि ०७८ को बीच (पछिल्लो दश वर्ष) मा तराईको जनसंख्या ५० दशमलव २७ प्रतिशतबाट बढेर ५३ दशमलव ६६ प्रतिशत पुगेको छ। हिमालको जनसंख्या ६ दशमलव ७३ पतिशतबाट घटेर ६ दशमलव ०९ प्रतिशतमा झरेको छ भने पहाडको जनसंख्या ४३ दशमलव ०१ प्रतिशतबाट घटेर ४० दशमलव २५ प्रतिशतमा झरेको छ। नेपालको कुल जनसंख्याको झण्डै एक चौथाइ पाँच जिल्लामा बसोबास गर्छन् । ती पाँचमध्येका बाग्मती बाहेकका चार जिल्ला तराई मधेशका छन्।

राष्ट्रिय जनगणना २०७८ को परिणाम सार्वजनिक भएको झण्डै दुई वर्ष बिती सकेको भए पनि आज यस विषयलाई किन कोट्याउन खोजिएको होला ? यो जिज्ञासा हाम्रा प्रिय पाठकहरुलाई अवश्य होला। प्रिय पाठकहरुमा के निवेदन गर्न चाहे भने जनगणनाको रिपोर्ट आएको दुई वर्ष बितिसके पनि नेकपा एमालेको ११ औं महाधिवेशनमा संगठनले निर्वाचन प्रक्रियाबाट चुनेका केन्द्रीय पदाधिकारी तथा सदस्यहरुको नामावली यसै साता सार्वजनिक भएको हो। मधेश प्रदेश सभा तथा प्रतिनिधि सभाको निर्वाचनमा मधेशी जनताले सबभन्दा अधिक मतदान गरेर पहिलो पार्टी बनाएको एमाले संगठनभित्र एमाले सम्वद्ध मधेशी नेताहरुले हैसियत (एमालेलाई दिएको मत) अनुसारको अवसर पाए त ? मधेशी जनताले सबभन्दा ठुलो दल बनाएको एमाले आफ्नै दल निकट मधेशी नेताहरुमाथि किन विश्वास गर्दैनन् ? के मधेशी मतदाता एमाले, कांग्रेस र माओवादीलगायतका ठुला दलहरुलाई भोट दिनकै लागि जन्मेका हुन् ?

नेकपा एमालेको सम्पन्न ११ औं महाधिवेशनले राजधानीसहित ८ प्रदेश तथा अन्य विभागका लागि १९ पदाधिकारीसहित ३०१ सदस्यीय केन्द्रीय कमिटि चयन गरेको छ। ती १९ पदाधिकारीहरुमध्ये १७ प्रतिशत जनसंख्या भएको खस-आर्यबाट २ जना, १२ प्रतिशत जनसंख्या भएको ब्राह्मणबाट १३ जना तथा झण्डै ३३ प्रतिशत जनसंख्या भएको मधेशी समुदायबाट रघुवीर महासेठ (उपमहासचिव) को रुपमा एकजना मधेशीलाई मात्र चयन गरेको छ। नेपालको संविधान २०७२ ले राज्यको सम्पूर्ण निकाय तथा संघ संस्थामा समावेशी-समानुपातिक सिद्धान्तको आधारमा प्रतिनिधित्व गर्ने ग्यारेन्टी गरेको छ । तर बिडम्बना नेकपा एमालेले पदाधिकारीमा समावेशी सिद्धान्तलाई बेवास्ता गरेको छ।



'कालाहरु कालो दिवस मनाउने हो। रुखबाट एक दुई आप झर्दैमा के हुन्छ ?' भन्दै नेकपा एमालेका केही नेताहरु मधेश आन्दोलनको हाकाहाकी विरोध गरेका थिए। आफ्ना स्वामीलाई खुसी पार्न नेपाली कांग्रेसका केही नेताहरुले पनि मधेश आन्दोलनको विरोध गरेका थिए। तर आज विडम्बना के हो भने मधेश आन्दोलनको विरोध गर्ने यिनै नेताहरु आज अ-आफ्ना पार्टीभित्र मधेशी कोटामा रमाइरहेका छन्।

नेकपा एमालेको ११ हौं महाधिवेशनको परिणाम हेर्ने हो भने मधेशी, दलित तथा आदिवासी जनजाति कोटा (संरक्षित) बाहेक अन्य खुल्ला पदमा मधेशी, मधेशी आदिवासी जनजाति र मधेशी दलितले नगन्य उपस्थिति छ। मधेश भूगोलका लागि एमालेले छुट्याएको ५ खुल्ला केन्द्रीय सदस्यमा एकवाल मिया, ताराकान्त चौधरी, मनोजकुमार खडका, राजकुमार लेखी र हरिप्रसाद उप्रेती निर्वाचित भएका छन्। खुल्लामा मधेशका बहुसंख्यक यादव, साहु, मण्डलमध्ये एउटै पनि परेका छैनन्। ४० वर्ष मुनिको कोटामा पनि मोबिन आलम चयन भएका छन्। खुल्ला महिला सदस्यको ५२ पदमध्ये मधेशी मूलकी निरु देवी पाल र भगवती चौधरीबाहेक कोही अटाउन सकेकी छैनन्। आदिवासी जनजातिका लागि छुट्याइएको १५ केन्द्रिय सदस्यमध्ये १ जना विसमलाल अधिकारी दुनुवार निर्वाचित भएका छन्।

मधेशीको लागि आरक्षित समावेशी मधेशी केन्द्रीय सदस्यमा भने मुनी साह सुडी, रामचन्द्र मण्डल, लखन दास तत्मा, विजयकुमार सरावगी, सरोजकुमार यादव र हरिनारायण महतो निर्वाचित भएका छन्। मधेशी समावेशी महिला कोटामा ज्वाला कुमारी साह, जुली कुमारी महतो, प्रतीक्षा तिवारी, सरिता कुमारी गिरी यादव र सविता यादव निर्वाचित भएका छन्।

मधेशबाट भोट सोहोर्ने तर मधेशी नेताहरुलाई केन्द्रिय पदाधिकारी तथा सदस्य बनाउन नचाहने पार्टीमा नेपाली कांग्रेस पनि पर्छ । नेपाली कांग्रेसको सम्पन्न १४ औं महाधिवेशनबाट शेरबहादुर थापा दोश्रो कार्यकालका लागी सभापति चयन भएका थिए। यसै महाधिवेशनमा नेपाली कांग्रेसमा तीन पुस्ते राजनीतिक लिगेसी भएको विमलेन्द्र निधीले पनि सभापतिमा उम्मेदवारी दिएका थिए। उनले २ सय ५० मतमात्र प्राप्त गर्न सकेका थिए। जबकी कोर मधेश भनिएको तत्कालीन प्रदेश- २ मा मात्र ८ सय भन्दा अधिक महाधिवेशन प्रतिनिधि (भोटर) थिए । सहमहामन्त्रीका ८ आरक्षित पदमा मधेशी कोटामा महेन्द्र यादव निर्वाचित भएका थिए। महेन्द्र यादवका प्रतिस्पर्धीहरु थिए- रामकृष्ण यादव र रञ्जीत कर्ण । आरक्षित कोटा भन्दा बाहिर एउटै पनि मधेशी पदाधिकारी बन्न सकेनन्। केन्द्रीय सदस्यमा पनि मधेशी कोटा बाहेक एक आधा मात्र जित्न सके।

# जचुकालि मूल्यांकनका लागि परामर्शदाता छनोट

**टुडे समाचारदाता**

जनकपुरधाम । पुनः संचालन वा खारेज गर्ने निर्णय लिन अर्थ मन्त्रालयले सरकारी व्यवस्थापनमा रहेका जनकपुर चुरोट कारखाना लिमिटेडसहितका रुग्ण तथा बन्द रहेका चारवटा उद्योगको सम्पत्ति मूल्याङ्कनका लागि परामर्शदाता छनोट प्रक्रिया अगाडि बढाएको छ।




मन्त्रालयले एक सूचना जारी गर्दै प्राविधिक र आर्थिक प्रस्तावको मूल्याङ्कनका आधारमा जनकपुर चुरोट कारखाना लिमिटेड र नेपाल मेटल कम्पनी लिमिटेडसहितका दुई वटा कम्पनीका लागि परामर्शदाता छानिएको जनाएको छ।

जनकपुर चुरोट कारखाना लिमिटेडको सम्पत्ति मूल्याङ्कनका लागि एस. सुवेदी एण्ड एसोसिएट्स' र नेपाल मेटल कम्पनी लिमिटेडको मूल्याङ्कनका लागि जीन एण्ड एसोसिएट्स छनोट भएको छ।

तर, नेपाल ओरिण्ड म्याग्नेसाइट प्रालि र बुटवल धागो कारखाना लिमिटेडको मूल्याङ्कनका लागि परेका प्रस्तावहरू मध्ये कुनै पनि प्रस्तावक छनोट हुन नसकेको मन्त्रालयले जनाएको छ । यी दुई उद्योगका लागि मन्त्रालयले पुनः प्रक्रिया अघि बढाउने तयारी गरेको छ। मन्त्रालयले पुस ३ गतेको निर्णयअनुसार दुई उद्योगको लागि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को व्यवस्था बमोजिम परामर्शदाता छनोट गरेको जनाएको छ।

मन्त्रालयले छनोट भएका दुई परामर्शदाता कम्पनीहरू जीन एण्ड एसोसिएट्स र एस. सुवेदी एण्ड एसोसिएट्स लाई व्यावसायिक एवं आर्थिक सर्तका विषयमा वार्ता गर्न बोलाएको छ। मन्त्रालयका अनुसार आगामी पुस १३ गते दिउँसो २ बजे वार्ताका लागि बोलाएको छ।

सरकारले लामो समयदेखि बन्द वा रुग्ण अवस्थामा रहेका यी उद्योगहरूको वास्तविक सम्पत्ति र दायित्व यकिन गर्न मूल्याङ्कन प्रक्रिया थालेको हो। यस प्रक्रियाले यी उद्योगहरूको भविष्य (निजीकरण, पुनः सञ्चालन वा खारेजी) बारे ठोस निर्णय लिन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# ३२ कोठे विद्यालय भवन निर्माण



**टुडे समाचारदाता**

जनकपुरधाम । भारत सरकारको आर्थिक सहयोगमा धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिका-तुल्सीयाहीस्थित वैद्यनाथ देवनारायण पब्लिक मोडेल माध्यमिक विद्यालयमा ३२ कोठे विद्यालय भवन निर्माण गरिएको छ।

नवनिर्मित सो विद्यालय भवनको शुक्रवार एक समारोहका बीच वीरगन्जस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत श्रीदेवी सहाय मीना तथा मुखियापट्टी मुसहरनिया गाउँपालिकाका अध्यक्ष जयकुमार यादवले संयुक्त रूपमा गरेका छन्।

उच्च प्रभाव सामुदायिक विकास परियोजना (एचआईसीडीपी) अन्तर्गत निर्मित सो विद्यालय भवनको ४ करोड ५ लाख ७० हजार ८६८ रुपैयाँ निर्माण लागत रहेको छ।

चार वर्षमा निर्माण सम्पन्न सो विद्यालय भवनमा भारत सरकारको तर्फबाट ८० प्रतिशत (२ करोड ८७ लाख १ हजार २८६ रुपैयाँ ०६ पैसा) आर्थिक सहयोग उपलब्ध गराइएको छ भने बाँकी रकम स्थानीय तह तथा अन्य स्रोतबाट गाउँपालिकाले व्यवस्थापन गरेको छ।

नयाँ विद्यालय भवन ब्लक ' ए' र ब्लक 'बी' गरी दुई भागमा निर्माण गरिएको छ। ब्लक 'ए' मा २० कोठा ब्लक 'बी' मा १२ कोठा गरी जम्मा ३२ कोठा रहेको गाउँपालिका अध्यक्ष जयकुमार यादवले जानकारी दिएका छन्।

वैद्यनाथ देवनारायण पब्लिक मोडेल माध्यमिक विद्यालय सो क्षेत्रको सरकारी विद्यालय मध्ये प्रमुख रहेको छ । विद्यालय भवनको आभावमा पठन पाठनमा समस्या आइरहेको गुनासाको मध्य नजर गर्दै भारतीय सरकारको अनुदानमा सो विद्यालय भवन निर्माण गरिएको महावाणिज्यदूत मीनाले उद्घाटन समारोहलाई सम्बोधन गर्दै भनिन्।

विद्यालयमा प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा १२ सम्म पठनपाठन हुँदै आएको छ। साथै, विद्यालय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्मा आबद्ध रही कम्प्युटर विषयमा १८ महिनाको प्रि-डिप्लोमा कार्यक्रम सञ्चालन गर्दै आएको छ।

विद्यालयमा हाल करिब २ हजार ५ सय विद्यार्थी अध्ययनरत छन्, जसमा ६० प्रतिशत छात्रा रहेको विद्यालय प्रशासनले जनाएको छ। नयाँ भवनले शैक्षिक वातावरण सुधार गर्दै यस क्षेत्रको शिक्षाको गुणस्तर अभिवृद्धि हुने स्थानीयको विश्वास रहेको छ।

छिमेकी राष्ट्रका रूपमा भारत र नेपालबीच शिक्षा, स्वास्थ्य, पूर्वाधार लगायत विभिन्न क्षेत्रमा सहकार्य हुँदै आएको छ। एचआईसीडीपी अन्तर्गतका परियोजनामार्फत भारत सरकारले नेपाल सरकारको विकास प्रयासलाई निरन्तर सहयोग गर्दै आएको सन्देश यस परियोजनाले समेत दिदैं आएको छ।

# घुमुवा प्रहरी जिम्मेवारीबाट हटाइए

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा खटाइएका ३१ जना घुमुवा प्रहरीलाई जिम्मेवारीबाट हटाइएको छ।

प्रदेशका जिल्लाहरुमा घुमुवा प्रहरीका नाममा असुली गर्ने, धाकधम्की दिने तथा अवाञ्छित गतिविधिमा संलग्न भएको गुनासो बढ्दै गएपछि उनीहरूलाई हटाइएको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

प्रदेश प्रहरी कार्यालयका अनुसार पछिल्लो समय तराईका विभिन्न जिल्लामा घुमुवा प्रहरीको व्यवहारप्रति व्यापक असन्तुष्टि देखिएको थियो। सर्वसाधारण तथा सरोकारवालाबाट लगातार उजुरी आउन थालेपछि संगठनभित्रै शुद्धीकरण गर्ने योजनाअनुसार कारबाही अघि बढाइएको हो।



मधेश प्रदेश प्रहरी कार्यालयका डीआईजी गोविन्द थपलियाले घुमुवा प्रहरी प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउन उक्त निर्णय लिइएको जानकारी दिए। 'प्रहरी संगठनभित्र सुधार र अनुशासन कायम गर्न ३१ जना घुमुवा प्रहरीलाई हटाएका हौं,' उनले भने, 'उनीहरूको भूमिकाबारे थप आन्तरिक अनुसन्धानसमेत सुरु गरिएको छ।'

डीआईजी थपलियाका अनुसार अनुसन्धानबाट दोषी देखिएमा सम्बन्धित प्रहरीमाथि विभागीय कारबाहीसमेत गरिनेछ। प्रदेश प्रहरी कार्यालयले अबदेखि घुमुवा प्रहरीको गतिविधिलाई कडाइका साथ अनुगमन गर्ने र नागरिकमैत्री प्रहरी सेवा प्रवाहमा जोड दिइने जनाइएको छ।

# एक्कासी बढ्यो चिसो

**टुडे समाचारदाता**

जनकपुरधाम। पुस महिना सुरु हुनासाथ जनकपुरधामसहित तराई-मधेशका जिल्लाहरूमा शीतलहर र बाक्लो हुस्सुको प्रकोप बढेको छ।

मधेश प्रदेशका धनुषासहित ८ वटै जिल्लामा शुक्रवार बिहानैदेखि घाम नलागेर चिसो बढेको छ। बिहानैदेखि चिसो हावा र लागेको बाक्लो हुस्सु विमान सेवा समेत प्रभावित भएका छन् । बिहानको विमान जनकपुरधामबाट उडान भएपनि त्यसपछि दिनभरि अर्को उडान वा अवतरण हुन सकेन।

बिहीवारसम्म पारिलो घाम लाग्ने गरेकाले सामान्य कपडामै हिँडडुल गर्ने सर्वसाधारण शुक्रवारदेखि एक्कासी बढेको चिसोबाट जोगिन बाक्लो न्यानो लुगा लगाउन बाध्य भएका छन्। न्यानो लुगा ज्याकेट, स्वेटर, उलेन चादरको विक्री समेत बिहानैदेखि बढेको देखियो।



स्थानीयहरूका अनुसार, बिहानदेखि नै लाग्ने हुस्सुले चिसोपन अत्यधिक बढाएको छ । "घामै देखिँदैन, चिसोले हातखुट्टा कटकट खान्छ," । बजारमा मानिसको चहलपहल कम भएको छ, स्कूल जाने बालबालिका र बूढापाकाहरू घरभित्रै सीमित हुने अवस्था आएको छ।

ग्रामीण क्षेत्रमा स्थानीय आगो तापेर बस्न थालेका छन् । गरिब परिवारहरूले प्लास्टिक र झिल्लीलाई आगोमा तताएर न्यानो खोज्नुपर्ने बाध्यता छ। हरेक बर्ष जाडोयाममा तराई-मधेशमा यस्तै शीतलहर चल्छ।

घाम नदेखिने दिनहरू लामो हुँदा कृषि काम प्रभावित हुन्छ, तरकारी बाली सुक्न थाल्छ। विगतमा चिसोकै कारण पर्याप्त न्यानो कपडा नहुनेहरूको ज्यान गएका घटना पनि छन्। यो वर्ष पनि मौसम विभागले चिसो बढ्ने चेतावनी दिएको छ।

स्वास्थ्यकर्मीहरूले चिसोबाट बच्न विशेष सावधानी अपनाउन आग्रह गरेका छन् । चिकित्सकहरु भन्छन् "तातो झोलिलो खानेकुरा खानुहोस्, न्यानो कपडा लगाउनुहोस् र अत्यावश्यक बाहेक बाहिर ननिस्कनुहोस् । बूढा-बूढी र बालबालिकालाई बढी जोखिम हुन्छ।"

गएरातिदेखि एक्कासी बढेको चिसो केही दिन कायम रहने मौसम विज्ञहरुको अनुमान छ। सर्वसाधारणलाई घरमै बस्न र न्यानोमा ध्यान दिन सबैले सल्लाह स्वास्थ्यकर्मीहरुको रहेको छ।

**निर्वाचनमा सहभागी बनौं ।**

- आवधिक निर्वाचन लोकतन्त्रको आधारशिला हो।
- निर्वाचन मतदाताको मताधिकार प्रयोग गर्ने अवसर पनि हो।
- मतदानबाट नागरिकले आफ्ना प्रतिनिधिमार्फत शासन सञ्चालनमा सहभागिता जनाउने।
- स्वतन्त्र र निष्पक्ष निर्वाचनबाट सरकार वा सत्ताको शान्तिपुर्ण हस्तान्तरण हुने।
- निर्वाचनबाट मौलिक हक र मानवअधिकारको संरक्षण हुने।
- मतदाताको राजनीतक छनौटको अधिकार सुनिश्चित हुने।
- लोकतन्त्रको संस्थागत विकास र विधिको शासन स्थापित हुने।
- जनताप्रति उत्तरदायी र जवाफदेही सरकारको निर्माण हुने हुँदा, निर्वाचनमा सहभागी बनौं, मताधिकारको प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८